# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ विषयपरिचय

सङ्खुवासभा जिल्ला नेपालको प्रदेश नं. १ को पहाडी जिल्ला हो । यस जिल्लाको पूर्वमा ताप्लेजुङ, पश्चिममा सोलुखुम्बु, दक्षिणमा धनकुटा जिल्ला पर्दछन् भने उत्तरमा छिमेकी देश चीन पर्दछ । यस जिल्लामा ५ वटा नगरपालिका र ५ वटा गाउँपालिका रहेका छन् । यी ५ वटा गाउँपालिका मध्ये मकालु गाउँपालिकाको पूर्वमा ताप्लेजुङ जिल्ला पश्चिममा शिलिचोङ गाउँपालिका, उत्तरमा भोटखोला गाउँपालिका र दक्षिणमा चिचिला गाउँपालिका पर्दछन् । मकालु गाउँपालिकामा शेर्पा, राई, तामाङ, गुरुङ, मगर, बाहुन, क्षेत्री र दलित जातिको बसोबास रहेको छ । यहाँको मुख्य उत्पादनका स्रोत अलैंची खेती रहेको छ । अन्यमा धान, मकै, कोदो, फापर, आलु, गहुँ, जौ इत्यादि हुन् । हावापानीका दृष्टिले सितल र स्वच्छ रहेको छ । यातायात र बिजुली बत्तीको भने अभाव नै रहेको छ । यस गाउँपालिकामा आफ्नो काम सकेपछि साँझमा वल्लोपल्लो घरका बुढापाकाहरूले पुराना-पुराना नैतिक उपदेश दिने खालका लोककथा सुनाउने र सुन्ने प्रचलन रहेको छ ।

प्रस्तुत शोधपत्र मकालु गाउँपालिकामा रहेका बुढापाकाहरूले सुनाएका लोककथाहरू सङ्कलन गरी लोककथाको वर्गीकरणका विभिन्न आधारमध्ये सामाजिक र किंवदन्तीका आधारमा वर्गीकरण गरिएको छ र ती लोककथाहरूको लोककथा तत्त्वका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### १.२ समस्याकथन

प्रस्तुत शोधपत्रको मुख्य समस्या सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित रहेका लोककथाको सङ्कलन गरी विश्लेषण गर्नु रहेको छ । यस शोधपत्रमा निम्नानुसारका समस्याहरू छन् :

(क) सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथाहरू केकसरी सङ्कलन गर्न सकिन्छ ?

(ख) सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथाहरूको केकसरी वर्गीकरण गर्न सकिन्छ ?

(ग) सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा केकस्ता छन् ?

## १.३ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार छन् :

(क) सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा छरिएर रहेका लोककथाहरूको सङ्कलन गर्नु ।

(ख) सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा सङ्कलित लोककथाहरूको वर्गीकरण गर्नु ।

(ग) सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा सङ्कलित लोककथाहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यलाई सरल रूपमा राख्नका लागि यस भन्दा अगाडि लोककथा सम्बन्धी गरिएको शोधपत्रको समीक्षा निम्नानुसार गरिएको छ ।

महेन्द्रराज जोशीले "नेपाली लोककथाको सङ्कलन तथा अध्ययन परम्परा" (२०६६) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा लोककथाको परिचय, उदभव र विकास लोककथाको उत्पत्तिको मत लोककथा सङ्कलन परमपरा, लोककथाको अध्ययन परम्पराको विश्लेषण गरी निष्कर्ष दिएका छन् ।

सीता आचार्य (रेग्मी) ले "बर्दिया जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन" (२०६८) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा बर्दिया जिल्लाको परिचय, लोककथाको विश्लेषणको सैद्धान्तिक आधार, सङ्कलित लोककथाको कथावस्तु पात्र, कथोपकथन, उद्देश्य, परिवेश, भाषाशैली र लोकतत्त्वका आधारमा विश्लेषण गरी निष्कर्ष निकालेकी छन् ।

डोल्माकुमारी पौडेल "बाग्लुङको धुल्लु क्षेत्रमा प्रचलित लोककथाको सङ्लन, वर्गीकरण र विश्लेषण" (२०७१) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा लोककथाको

सिद्धान्त, बाग्लुङ धुल्लू क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण गरी निष्कर्ष निकालेकी छन् ।

तलुसीराम तिगेलाले “तेह्रथुम जिल्लाको छथरे ओखे क्षेत्रमा प्रचलित लोककथाको अध्ययन” (२०७३) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा तेह्रथुम जिल्लाको सङ्क्षिप्त परिचय, लोककथाको सिद्धान्त, तेह्रथुम जिल्लाका छथरे ओखे क्षेत्रमा प्रचलित लोककथाको लोकतत्त्वका आधारमा विश्लेषण गरी निष्कर्ष निकालेका छन् ।

दलमन पुन मगरले “रोल्पा जिल्लामा प्रचलित लोककथाको सन्दर्भपरक अध्ययन” (२०७३) शीर्षकको दर्शनाचार्य तहको अप्रकाशित शोधपत्रमा सन्दर्भ पद्धतिको सैद्धान्तिक स्वरूप, रोल्पा जिल्लामा प्रचलित मिथकीय लोककथाको सन्दर्भपरक विश्लेषण, रोल्पा जिल्लामा प्रचलित मनोरञ्जनका रूपमा भनिने लोककथाको सन्दर्भपरक विश्लेषण, विधातात्विक विश्लेषण गरी निष्कर्ष निकालेका छन् ।

राजेन्द्रकुमार चौधरीले “कैलाली जिल्लाका थारू समुदायमा प्रचलित लोककथाको अध्ययन” (२०७४) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा थारू जाति र लोककथाको परिचय, कैलाली जिल्लामा प्रचलित थारू लोककथाको सङ्कलन, थारू लोककथाको वर्गीकरण र विश्लेषण गरी निष्कर्ष निकालेका छन् ।

उल्लिखित पूर्वकार्यको अध्ययनबाट सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य नभए पनि सोही क्षेत्रका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नमा सहयोग पुगेको छ ।

## १.५ शोधपत्रको औचित्य

प्रस्तुत शोधकार्यबाट सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथाको बारेमा थाहा पाउन सकिने हुँदा प्रस्तुत शोधपत्र औचित्यपूर्ण छ । यसै गरी मकालु गाउँपालिकाको लोकसाहित्यको विकास गर्न र संरक्षण गर्नमा समेत प्रस्तुत शोधपत्रको औचित्य छ ।

## १.६ शोधपत्रको सीमा

प्रस्तुत शोधपत्रमा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु र यस बाहेक अन्य बाहिरका गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन नगर्नु नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रको शोधकार्य गर्नका लागि क्षेत्रीय अध्ययन विधिबाट कथाहरू सङ्कलन गरिएको छ । सङ्कलन गरिएका कथाहरूको विश्लेषण गर्नका लागि पुस्तकालयबाट यसभन्दा अगाडि गरेका शोधपत्रको आधार लिई अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

**पहिलो परिच्छेद** : शोधपरिचय

**दोस्रो परिच्छेद** : सङ्खुवासभा जिल्ला र मकालु गाउँपालिकाको परिचय

**तेस्रो परिच्छेद** : मकालु गाउँपालिकामा प्रचलित लोककथाको वर्गीकरण

**चौथो परिच्छेद** : सङ्कलित लोककथाको विश्लेषण

**पाँचौं परिच्छेद** : सारांश तथा निष्कर्ष

**परिशिष्ट**

**सन्दर्भ सामग्रीसूची**

# दोस्रो परिच्छेद

# सङ्खुवासभा जिल्ला र मकालु गाउँपालिकाको परिचय

## २.१ विषयप्रवेश

सङ्खुवासभा जिल्ला नेपालका ७७ जिल्लाहरू मध्येको एक हो । यो नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत प्रदेश नं. १ का १४ जिल्लाहरू मध्ये एक जिल्ला हो । सुनसरी, मोरङ, धनकुटा, तेह्रथुम, भोजपुर, ताप्लेजुङ, पाँचथर, इलाम, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा र सङ्खुवासभा जिल्लाहरू १ नं. प्रदेशमा पर्दछन् । यीमध्ये सङ्खुवासभा जिल्लाको आफ्नै विशिष्ट पहिचान रहेको छ । यो जिल्ला प्रकृतिको अनुपम छटाले भरिपूर्ण देखिन्छ । सङ्खुवासभा नेपालको एक सुन्दर पहाडी जिल्ला मध्यको उच्च गरिमामय इतिहास बनेको जिल्ला हो । यस जिल्लामा विश्वको पाँचौं हिमशृङ्खलादेखि लिएर विश्वकै होचो उपत्यका समेतले यस जिल्लाको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कायम गरेको छ । यस जिल्लामा प्राचीन पौराणिक तथा किंवदन्तीमूलक विभिन्न धार्मिक एवम् पर्यटकीय क्षेत्रहरू अवस्थित छन् । विभिन्न दृष्टिले आफ्नो पहिचान कायम राख्न सफल रहेको यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि, नाम करण, वनसम्पदा, नदी र ताल, भौगोलिक परिचय, खनिज सम्पदा, राजनैतिक तथा प्रशासनिक विभाजन, जनसङ्ख्या, धर्म संस्कृति, भाषा, स्वास्थ्य तथा शिक्षा, वन्यजन्तु र पशुपंक्षीहरू जस्ता शीर्षकमा यसको सङ्क्षिप्त परिचय दिइएको छ ।

## २.२ सङ्खुवासभा जिल्लाको नामकरण

सङ्खुवासभा जिल्लाको नाम यसै जिल्लामा बग्ने खोलाको नामबाट रहेको हो । पश्चिमबाट बग्ने सङ्खुवाखोला जिल्ला बिचबाट बग्ने सभाखोलासँग मिसिएर बग्ने गर्दछ । यी दुई खोलाको नाम बिच मेल भई एउटै बनेको ठाउँलाई सङ्खुवासभा भनिन्छ र तिनै खोलको नामबाट यस जिल्लाको नामकरण गरिएको हो ।[१]

## २.३ वन सम्पदा

सङ्खुवासभा जिल्ला भौगोलिक विविधताले भरिपूर्ण जिल्ला हो । यहाँको भूबनोट र हावापानी विभिन्न किसिमको रहेकोले यहाँ पाइने वनस्पतिमा पनि विविधता रहेको छ । यस जिल्लाको १२०० मिटरसम्मको भूभागमा विभिन्न जातका बोटविरुवाहरू पाइन्छन् । सखुवा,

---

१ जिल्ला विकास समिति, **सङ्खुवासभा जिल्लाको परिचय**, २०७४, पृ. ३ ।

करम, टुनी लगायत हावापानीमा पाइने वनस्पतिहरू यहाँको वनमा पाइन्छन् । यहाँ १२००-२१०० मिटरसम्मको उचाइमा वर, बाँस, उत्तिस, कटुस, गुराँस, चिलाउने, रुद्राक्ष आदि पाइन्छ । यसै गरी २१००-३३०० मिटरको उचाइमा सदावहार कोणधारी वनस्पति पाइन्छ । ५००० भन्दा माथि यहाँको हिमाली भेगमा पाइने बुकी, सुनगाभा, मालिङगो, यार्सागुम्बा जस्ता वनस्पति पाइन्छ । यस जिल्लामा ४७ किसिमका सुनाखरी, ६७ जडीबुटी र १९ किसिमका बाँस र २५ जातका गुराँस पाइन्छन् ।[२]

## २.४ नदी र ताल

सङ्खुवासभा जिल्लामा ठूला साना गरी थुप्रै नदी, ताल रहेका छन् । सङ्खुवासभा नेपालकै पोखरा पछिको दोस्रो पानी पर्ने क्षेत्र हो । यस जिल्लाको उत्तरी भेगमा हिमशृङ्खलाहरू रहेको हुनाले बाह्रै महिना हिउँ पर्ने र बगिरहने भएकाले यहाँका तालकुण्ड र पानीका स्रोतहरू स्थायी प्रकृतिका रहेका छन् । यहाँबाट बग्ने अरुण नदी सप्तकोशीको प्रमुख सहायक नदी हो । त्यसै गरी यहाँ अन्य विभिन्न नदी खोलाहरू पनि रहेका छन् । सङ्खुवासभा, पिलुवा, वरुण, सिसुवा, आंसुवा, हैवा, इन्धुवा आदि यहाँ बग्ने ससाना खोलाहरू हुन् । यहाँका पोखरीहरूमा सभापोखरी, गुफापोखरी, लामपोखरी, मत्स्यपोखरी इत्यादि प्रसिद्ध रहेका छन् ।[३] यी पोखरीहरू जिल्लाका पर्यटकीय क्षेत्रहरू मध्ये अग्र पङ्क्तिमा रहेका छन् ।

## २.५ खनिज सम्पदा

सङ्खुवासभा जिल्लामा पनि थुप्रै खनिज तत्त्वहरू रहेको उल्लेख भएको छ । तैपनि यसलाई उत्खनन् गर्ने कार्य भने हुन सकेको छैन । यस जिल्लामा धातु तथा अधातुका खानीहरू पनि फेला परेका छन् । अधातुहरू फाकुवा, मांसिमा, चैनपुर, तिनखोप्रेमा - अभ्रख पाइन्छ भने हटियामा सिङ्मरमर चैनपुरमा खरीढुङ्गा पाइन्छन् ।[४] धातुतर्फ मनकामनाको लोहाकोटमा फलाम, तामाफोक, चिचिला, रमिते हटिया, अरुण नदीको किनार नुनढाकी र सभाखोलाको किनारमा तामा जस्ता धातुहरू प्रशस्त मात्रामा पाइन्छन् ।

---

२ *ऐजन*, पृ. ५४ ।

३ *ऐजन*, पृ. २३ ।

४ *ऐजन*, पृ. ३७ ।

## २.६ राजनीतिक तथा प्रशासनिक विभाजन

राजनीतिक तथा प्रशासनिक विभाजनका आधारमा सङ्खुवासभा जिल्लामा ५ वटा नगरपालिका र ५ वटा गाउँपालिका रहेका छन् । यस जिल्लामा संघीय संसदका लागि १ वटा क्षेत्र र प्रदेशका लागि २ वटा क्षेत्र रहेका छन् ।[५]

## २.७ धर्म संस्कृति

सङ्खुवासभा जिल्लामा हिन्दु, बौद्ध, इस्लाम, किराँत, क्रिश्चियन आदि विभिन्न धर्मावलम्बीहरूको बसोबास रहेको छ । यो जिल्ला धार्मिक दृष्टिकोणले पनि प्रख्यात देखिन्छ । यस जिल्लामा बसोबास गर्नेहरूले मान्ने धर्महरूमा विशेष गरी हिन्दु, बौद्ध, किराँत आदि रहेका छन् ।[६]

## २.८ मकालु गाउँपालिकाको संक्षिप्त परिचय

सङ्खुवासभा जिल्ला नेपालको ७७ जिल्लाहरू मध्ये एक जिल्ला हो । यो जिल्ला साविकको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्थ्यो भने नेपालको वर्तमान पुनरसंरचना अनुसार प्रदेश नं. १ मा पर्दछ । यसै संरचना अनुसार मकालु गाउँपालिका सङ्खुवासभा जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित गाउँपालिका हो । यस गाउँपालिकाको कुल क्षेत्रफल ५१९.१५ वर्गमिटर रहेको छ । यो गाउँपालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन् । जसमा साविकको मकालु गाविस वडा नं. ८ र ९ मिलेर वडा नं. १, साविकको मकालु गाविस.को १-७ सम्मका वडाहरू मिलेर वडा नं. २, पाथीभरा गाविसको १-९ सम्मका वडाहरू मिलेर वडा नं. ३, पावाखोला गाविसको वडा नं. ४-९ सम्मको वडाहरू मिलेर वडा नं. ४, नुम गाविसको १-९ सम्मका वडाहरू मिलेर वडा नं. ५ र याफु गावि.सको ५-८ सम्मका वडाहरू मिलेर वडा नं. ६ बनेको छ ।[७]

मकालु गाउँपालिकाको भौगोलिक संरचना अनुसार यस गाउँपालिकाको पूर्वमा ताप्लेजुङ जिल्ला, पश्चिममा सिलिचोङ गाउँपालिका, उत्तरमा भोटखोला गाउँपालिका र दक्षिणमा चिचिला गाउँपालिका रहेको छ । विश्वको पाँचौं अग्लो शिखर ८४८५ मिटर उचाइ भएको मकालु हिमाल यसै गाउँपालिकामा पर्ने हुनाले यही हिमालको नाउँबाट नै यो

---

[५] नेपाल सरकार, **निर्वाचन आयोग पुस्तिका**, २०७४, पृ. १२४ ।

[६] जिल्ला विकास समिति, *पूर्ववत्*, पृ. १२७ ।

[७] *ऐजन*, पृ. १३९ ।

गाउँपालिकाको नाम मकालु गाउँपालिका नामकरण गरिएको हो । जनस्रोतको हिसाबले पनि यो गाउँपालिका निकै सम्पन्न भएको हुनाले विश्व चर्चित अरुण तेस्रो जो नौसय मेगावाट विद्युत उत्पादन क्षमता भएको जलविद्युत आयोजना निर्माण स्थल यहि गाउँपालिमा पर्दछ । जम्मा ७,४४२ मतदाता रहेको यस गाउँपालिकामा ११ वटा स्थानीय निर्वाचन क्षेत्र रहेको छ भने यस गाउँपालिकाको जनसङ्ख्या २०,००० रहेको छ ।[८]

मकालु गाउँपालिकामा विभिन्न जातजाति, भाषाभाषी तथा संस्कृति मान्ने मानिसहरूको बसोबास रहेको छ । जसमा राई, तामाङ, गुरुङ, शेर्पा, क्षेत्री, कामी, दमाई यहाँका मुख्य बासिन्दा हुन् भने तामाङ भाषा, शेर्पा भाषा र याम्फु राई भाषा यहाँ बोलिन्छन् भने पूर्वेली नेपाली भाषा यहाँको सबै जातजातिको साझा तथा सम्पर्क भाषा हो । हिन्दु, बौद्ध र किराँत धर्म यहाँका मानिसहरूले मान्ने धर्म हुन् ।

यस गाउँपालिकाको शिक्षा र स्वास्थ्य स्थिति भने सामान्य रहेको पाइन्छ । शैक्षिक संस्थाहरूमा उच्च मा.वि. १ वटा, मा.वि. ३ वटा, आधारभूत तह ६ वटा र बोर्डिङ ५ वटा रहेका छन् । त्यसै गरी स्वास्थ्य संस्थाहरू माइकाई स्वास्थ्य चौकी ५ वटा, प्राथमिक स्वास्थ्य चौकी १ वटा नुममा रहेको छ ।[९]

---

८ मकालु गाउँपालिका उपप्रमुख चमेली राईबाट प्राप्त जानकारी ।

९ *ऐजन* ।

# तेस्रो परिच्छेद

# मकालु गाउँपालिकामा प्रचलित लोककथाको वर्गीकरण

## ३.१ विषयपरिचय

सङ्खुवासभा जिल्ला मकालु गाउँपालिकामा प्रचलित लोककथाहरूको वर्गीकरण विषयवस्तुका आधारमा पौराणिक, सामाजिक र किंवदन्तीमूलक गरी तीन भागमा राखि वर्गीकरण गरिने भए तापनि यस शोधपत्रमा सामाजिक र किंवदन्तीमूलक गरी दुई आधारमा मात्र वर्गीकरण गरिएको छ । उद्देश्यका आधारमा मनोरञ्जनात्मक र नैतिक शिक्षाका आधारमा वर्गीकरण गरिएको छ । भावका आधारमा वीर, करुण र भक्तिभावका आधारमा वर्गीकरण गरिएको छ । शिल्पका आधारमा टुना र चरित्रप्रधानका आधारमा वर्गीकरण

गरिएको छ । विषयवस्तुका आधारमा मकालु गाउँपालिकामा प्रचलित लोककथालाई निम्न अनुसार वर्गीकरण गरिएको छ :

### (अ) सामाजिक लोककथाहरूको वर्गीकरण

(१) अन्तरजातिय ज्वाइँको कथा
(२) गरिब आमा छोराको कथा
(३) चोयाको तिहुन र खोयाको भातको कथा
(४) छुवाछुतको कथा
(५) दिदी बहिनीको कथा
(६) धनी दाजु र गरिब भाइको कथा
(७) लोभी ज्वाइँको कथा
(८) सोझो ज्वाइँको कथा

### (आ) किंवदन्तीमूलक लोककथाहरूको वर्गीकरण

(१) अल्छे ज्वाइँको कथा
(२) क्षेत्री, बाहुन र दमाईको कथा
(३) जेठा बुढा र कान्छा बुढाको कथा
(४) ढेंडु र भालुको कथा
(५) नुन रोप्ने कामी र दमाईको कथा
(६) लाटा र अपाङ्गको कथा
(७) लाटो र बाठो दाजुभाइको कथा

प्रस्तुत शोधपत्रमा मकालु गाउँपालिकाबाट सङ्कलन गरिएका लोककथाहरू विषयवस्तुका आधारमा सामाजिक र किंवदन्तीमूलक गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

## ३.२ अन्तरजातीय ज्वाइँको कथा

यस अन्तरजातीय ज्वाइँको कथामा राई जातिको खालिङ थर किटान गरेर नै उल्लेख गरिएको छ । हाम्रो समाजमा राई जातिको बसोबास रहने हुनाले यो एक साथ सामाजिक विषयवस्तुमा आधारित सामाजिक कथा हो । कथामा शृङ्खलाबद्ध घटित घटना तथा कथानकले स्रोतालाई मन्त्रमुग्ध तुल्याउने हुनाले यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो अर्थात् यो एक मनोरञ्जनात्मक कथा हो । ज्वाइँले ससुरालीमा भाषा नबुझ्नु, लोटा फुटाएर भाग्नु आदिले करुण भाव सिर्जना गरेकोले कथामा करुण भाव रहेको छ । यसमा अन्तरजातीय ज्वाइँको चरित्रचित्रण गरिएको हुँदा यो चरित्रप्रधान कथा हो । यसरी यो कथा

विषयवस्तुका आधारमा सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक, भावका आधारमा करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.३ अल्छे ज्वाइँको कथा

अल्छे ज्वाइँको कथामा ससुरालीमा विरामीको बहाना बनाई सधैं सुतेर ठगी खाने ज्वाइँको प्रवृत्तिलाई विषयवस्तु बनाइएको भए तापनि हाम्रो वर्तमान समयमा यो व्यवस्था नरहे तापनि कथा वाचन परम्परा भने निरन्तर चलिरहेको हुनाले यो कथा किंवदन्तीमूलक कथा हो । कथामा उल्लेखित मुख्य पात्र ज्वाइँ सासुससुरालाई ठगेर खाने भएकोले अन्य स्रोता वर्गलाई त्यस्तो कुकार्य गर्नु हुन्न भन्ने सन्देश दिने हुनाले यो कथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु हो । ज्वाइँको ढाँट प्रवृत्तिबाट सासुससुरा ढाँटिनु, ठगिनुले करुण भाव उत्पन्न हुनले कथा करुण भाव रहेको छ । कथामा ज्वाइँ, सासुससुरा, पुजारी, जेठी सासु र स्वास्नीको चरित्रको वर्णन भएकोले कथा चरित्रप्रधान हो । यसरी अल्छे ज्वाइँको कथा विषयवस्तुका आधारमा सामाजिक, उद्देश्यका आधारमा नैतिक शिक्षामूलक, भावका आधारमा करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.४ क्षेत्री, बाहुन र दमाईको कथा

प्रस्तुत क्षेत्री, बाहुन र दमाईको कथामा आफ्नो गरिबीको कारणले गर्दा परदेशीनु सामाजिक विषयवस्तु भए तापनि राक्षसको देशमा पुग्नु, राक्षसलाई मारेर गाउँ फर्किनु आदि काल्पनिक विषय भएकोले यो कथा मूलतः किंवदन्तीमूलक कथा हो । यस कथाका पात्रहरूको कार्यकलापबाट कुनै समाज सुधारात्मक तथा नैतिक शिक्षा दिलाउनुको सट्टा स्रोतालाई कथा सुन्दा बढी आनन्द दिने हुने भएकाले यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो । त्यसैले यो मनोरञ्जनात्मक कथा हो । गरिबीका कारण परदेशीनु, राक्षसले दमाईलाई मारेर खानुले कथामा करुण भाव उत्पन्न हुन्छ भने राक्षसलाई मारेर क्षेत्रीबाहुन फर्किनुले कथामा वीर भाव जागृत भएकोले कथामा करुण र वीर दुवै भाव समेटिएको छ । कथाका सबै पात्रहरूले अलौकिक चमत्कारपूर्ण भूमिका निर्वाह गरेको हुनाले कथा चरित्रप्रधान रहेको छ । यसर्थ यो कथा विषयवस्तुको आधारमा किंवदन्तीमूलक, उद्देश्यका

आधारमा मनोरञ्जनात्मक, भावका आधारमा करुण र वीर भाव तथा शिल्पका आधारमा चरित्रप्रधान रहेको छ ।

## ३.५ गरिब आमा छोराको कथा

गरिब आमा छोराको कथामा आमा छोराको गरिबीलाई मुख्य विषयवस्तु बनाइएको छ । आमा छोरा गरिब हुनु सामाजिक विषयवस्तु समेटिए तापनि कथाका अनुसार किसानकोमा काम गरेर छोराले दूध गोजिमा बोक्नु, भाले बाल्टिमा ल्याउनु, गाईको बाच्छो डल्लो पारेर बोक्नु, राजाले धेरै सम्पति दिनु आदि कुरा असम्भव भएकोले यो किंवदन्तीमूलक कथा हो । कथालाई वृतान्त कहानी गर्दा सुन्नेलाई अत्यन्तै आनन्द र मनोरञ्जक हुने कारणले यो मनोरञ्जनात्मक कथा हो । दिन भरीको कमाई घरमा आइ नपुग्नु, राजाकी छोरी खुशी नहुनु आदिले कथामा करुण भाव उत्पन्न भएकोले करुण भाव भएको कथा हो । त्यसै गरी कथामा विशेष गरी छोरा चरित्र चित्रण गरिएकोले चरित्रप्रधान कथा हो । यसरी गरिब आमा छोराको कथा विषयवस्तुको आधारमा किंवदन्तीमूलक उद्देश्यका आधारमा मनोरञ्जनात्मक भावका आधारमा करुण भावप्रधान र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.६ चोयाको तिहुन र खोयाको भातको कथा

चोयाको तिहनु र खोयाको भात कथाको मुख्य विषयवस्तु सामाजिक रहेको छ । ज्वाइँ ससुरालीमा जाँदा उहिलोको समयमा खानाको समस्या हुने भएकोले सासु आमाले मकैको भात र टुसाको तिहुन खुवाएको सामाजिक विषयवस्तुलाई आधार बनाएर तयार पारिएको हुनाले यो सामाजिक कथा हो । कथा भन्ने शिलशिलामा स्रोतालाई यो कथा सुनिरहुँ जस्तो लाग्ने भएकोले गर्दा यस कथाको मुख्य उद्देश्य स्रोता वर्गलाई मनोरञ्जन प्रदान गर्नु रहेको छ । पकाउँदा चोयाको चित्र नपाकनु, मिठो पकाएर खाने इच्छा हुँदा पनि खान नपाउनु जस्ता पक्षले यस कथामा करुण भाव व्यक्त हुने भएकोले करुण भाव भएको कथा हो र शिल्पको दृष्टिले यो कथा चरित्रप्रधान कथा पनि हो । यसरी समग्रमा भन्नुपर्दा विषयवस्तुको आधारमा सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक, भावका आधारमा

करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान भएको कथा हो चोयाको तिहुन र खोयाको भात ।

## ३.७ छुवाछुतको कथा

छुवाछुतको कथामा हाम्रो वर्तमान समाजमा परम्परागत रूपमा प्रचलित छुवाछुत तथा जातीय भेदभाव प्रथालाई विषयवस्तु बनाइएको हुँदा यो सामाजिक कथा हो । कथाका अनुसार वर्तमान समाजमा चलि आएको दलित समुदायप्रतिको समाजको दृष्टि परिवर्तन हुनु पर्ने भन्ने घुमाउरो सन्देश प्रकट भएकोले कथाको मुख्य द्उेश्य समाज सुधार तथा नैतिक शिक्षा दिलाउनु रहेको छ । कथाका पात्र क्षेत्री माथि हेला भावना दर्साउनु, समाजका दलितहरू हेपिनुले करुण भाव सिर्जना भएको छ । कथाका पात्रहरूले समाजका छुवाछुतको प्रथालाई चित्रण गरेकाले कथा चरित्रप्रधान पनि रहेको छ । त्यसैले छुवाछुतको कथा विषयवस्तुका हिसाबले सामाजिक कथा, उद्देश्यका आधारमा समाज सुधारात्मक तथा नैतिक शिक्षामूलक, भावका आधारमा करुण भावप्रधान र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.८ जेठा बुढा र कान्छा बुढाको कथा

प्रस्तुत जेठा बुढा र कान्छा बुढा कथामा स्वास्नी काममा नजानु, लोग्ने मेलोमा गएको समयमा कान्छा बुढा घरमा ल्याएर मिठो-मिठो खाएर भकारीको धान सक्नु, लोग्नेलाई भुसको रोटी खाना दिनु आदि कुरा जो समाजमा प्रचलनमा रहनु असम्भव भएकोले तैपनि कथा परम्परामा प्रचलित रहेको हुँदा यो कथा किंवदन्तीमूलक कथा हो । यस कथाको उद्देश्य भनेको मुख्य गरी मनोरञ्जन दिलाउनु भएकोले यो मनोरञ्जनात्मक कथा हो । कथामा लोग्ने दिनै काममा जानु, स्वास्नीद्वारा हेपिनु, भुसको रोटी खानु आदि घटनाले करुण भाव उत्पन्न भएको छ । स्वास्नी र जेठा बुढाको विशेष चरित्र चित्रण गरिएकोले यो चरित्रप्रधान कथा हो । यस कारण विषयवस्तुको आधारमा किंवदन्तीमूलक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक, भावका आधारमा करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.९ ढेंडु र भालुको कथा

ढेंडु र भालुको कथामा ढेडु र भालु मीत साइनोमा बाधिएर भोस्मे फाँडेर मकै फलाएर खाने विषयलाई लिइएको छ । यसरी ढेंडु र भालु जस्ता मानवेतर पात्र मीत

सम्बन्धमा बाँधिएर सँगै खेती उत्पादन गरी खानु असम्भव भएकोले यो एक किंवदन्तीमूलक कथा हो । यहाँ दुई मानवेतर पात्र रहेर पनि भालुलाई गुफा बसाएर ढेंडुले आफै सधै मकै खाँदै आएको प्रसंगले गर्दा कथा श्रवण गर्दा अझै सुनौ सुनौ लाग्ने र आनन्द आउने भएकोले यो कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो । त्यसैले यो मनोरञ्जनात्मक कथा हो । यस कथामा ढेंडुले भालुलाई भोकै राख्नु, अर्को भालुको सबै दूध दही, काँक्रा चोरी दिनु र भालुको छेरले ढेंडुलाई बगाएर छुट्टिनुले करुण भाव सिर्जन हुनुले यो करुण भाव भएको कथा हो । यो कथामा मानव पात्र बाहेकका ढेंडु र भालु जस्ता मानवेतर पात्रको काल्पनिक चरित्रको वर्णन भएकोले यो चरित्रप्रधान कथा हो । त्यसैले ढेंडु र भालुको कथा विषयवस्तुको आधारमा किंवदन्तीमूलक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक भावका आधारमा करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.१० दिदी बहिनीको कथा

दिदी बहिनीको कथामा एउटै दिदी बहिनी भए तापनि आर्थिक सम्पन्नता र विपन्नताको कारणले गर्दा एक अर्काप्रति कस्तो व्यवहार देखाउँछन् भन्ने सामाजिक व्यवस्थालाई छर्लङ्ग पारिएकोले यो सामाजिक कथा हो । आफू जति नै धनि भए तापनि हामीले कहिल्यै पनि नाता सम्बन्ध भुल्न हुँदैन र गरिबलाई पनि कुनै दिन ईश्वरले साथ दिन सक्छ भन्ने नैतिक शिक्षा दिनु नै यस कथाको मुख्य उद्देश्य हो । दिन भरी जुम्रा मार्न लगाएर पनि बेलुकी एक माना कनिका दिदीलाई दिनु, जङ्गलमा रुँदै सिस्नो टिप्नु, दिदी गरिब हुनु आदिले कथामा करुण भाव सिर्जना भएकोले कथा करुण भाव भएको कथा हो । कथामा गरिब दिदी र धनि बहिनीको आफू सुहाउँदो चरित्र वर्णन भएकोले कथा चरित्रप्रधान हो । त्यसैले यो कथा विषयवस्तुका आधारमा सामाजिक, उद्देश्यका आधारमा नैतिक शिक्षामूलक, भावका आधारमा करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.११ धनी दाजु र गरिब भाइको कथा

धनी दाजु र गरिब भाइको कथामा धनी मानिसहरूले कुनै पनि गरिब मानिसहरूले मिठो मसिनो खाएमा, राम्रो लगाएमा केहि धन आर्जन गरेमा त्यसको चियो चर्चो तथा खोजीनीति गर्छन् र अन्तमा ती धनि मानिस लोभले विलोप हुन्छन् भन्ने सामाजिक विषयवस्तुलाई उठाएको हुनले यो कथा सामाजिक कथा हो । समाजका जो कोहिले पनि अनावश्यक रूपमा लोभ गर्नु हुँदैन र लोभ गरिएमा आफैलाई घाटा हुन्छ त्यसैले हामीसँग

जे जति छ त्यसैमा सन्तुष्ट मान्नु पर्छ भन्ने सन्देश दिएकोले यसको मुख्य उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो । सुरुमा भाइ अत्यन्तै गरिब हुनु र अन्त्यमा भावीले दिएको भाग्य दाइले एउटै उपयोग गर्न नपाउनुले करुण भावको जागृत गराएकोले यो करुण भाव भएको कथा हो । यस कथाका मुख्य पात्र दाजु र भाइ भएकाले उनीहरूको क्रियाकलापको विस्तृत वर्णन गरिएको हुनाले यो कथा चरित्रप्रधान कथा हो । यसर्थ धनि दाजु र गरिब भाइको कथा विषयवस्तुको आधारमा सामाजिक, उद्देश्यका आधारमा नैतिक शिक्षामूलक, भावका आधारमा करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.१२ नुन रोप्ने कामी र दमाईको कथा

नून रोप्ने कामी र दमाईको कथामा कामी र दमाई दुई जना मिलेर नुन रोप्ने काम गरेको तर नुन रोपेर नहुने वास्तविकता भएकोले यो कथा किंवदन्तीमूलक कथा हो । दमाईले नुन सबै आफूले खाएर फट्याङ्ग्रोले खायो भनेर सोझो कामीलाई झुक्याएको, कामीको अज्ञानताका कारणले आफ्नै छोराले छातीमा धनुकाणले हानेर ज्यान गएको प्रसंगले यो कथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु हो । दमाईबाट ढाँटिनु, छोराले हानेको धनुकाणबाट बाबुको मृत्यु हुनुले यहाँ करुण भावको अनुभव हुनुले यो करुण भाव भएको कथा हो । मुख्य गरी कामी र दमाईको ढाँट र सोझो प्रवृत्तिलाई प्रष्ट्याइएको हुनाले यो कथा चरित्रप्रधान कथा हो ।

## ३.१३ लाटा र अपाङ्गको कथा

लाटा र अपाङ्गको कथामा लाटा र अपाङ्गले सबैले मार्न नसकेको दैत्य मारेको विषयलाई उठाएको छ । यो कथा कुनै सत्यमा आधारित नभई कुनै क्षेत्रमा कथा प्रचलनको रूपमा रहेको हुनाले यो एक किंवदन्तीमूलक कथा हो । लाटा र अपाङ्गले कसैले मार्न नसकेको राक्षस मार्न सक्ने भएकोले यो कथा सुन्नका लागि अत्यन्तै आनन्द आउने भएकोले यस कथाको उद्देश्य सुन्नेलाई मनोरन्जन दिनु भएकोले यो मनोरञ्जनात्मक कथा हो । कसैले मार्न नसकेको दैत्य लाटा र अपाङ्गले मार्नुले वीर भाव उत्पन्न हुने हुँदा यो वीर भाव भएको कथा हो । कथामा लाटा र अपाङ्गको साहसिक चरित्रको वर्णन भएकोले यो कथा चरित्रप्रधान हो । यसर्थ लाटा र अपाङ्गको कथा विषयवस्तुका आधारमा किंवदन्तीमूलक, उद्देश्यका

आधारमा मनोरञ्जनात्मक, भावका आधारमा वीर भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

## ३.१४ लाटो र बाठो दाजु भाइको कथा

लाटो र बाठो दाजुभाइ कथामा सुरुमा लाटो भाइको क्रियाकलापबाट दिक्क लागेर बाठो दाइ बाहिर हिँड्न खोज्दा लाटो भाइ पनि पछि लागेको र जाँदा जाँदा राजाको दरबारमा पुगेको र त्यस राज्यमा केटाकेटी खाने बाघ (राक्षस) लाई लाटो भाइले मारेर राजाले आधा राज्य च्वाट्टै दिएर लाटो भाइ राजा बनेर बसेकोले किंवदन्तिमूलक विषयवस्तु समावेश भएको छ । यो कथा कुनै पनि मानव वास्तविकतासँग मेल नखाने भए तापनि कथा परम्परा अनुसार चलिआएकोले यो किंवदन्तीमूलक कथा हो । दाजु बाठो भएर पनि राजा बन्न नसक्नु तर भाइ लाटो भएर पनि आधा राज्य पाएर राजा बन्नुले मानिसको जीवनमा बाठोको मात्रै होइन कुनै दिन लाटो तथा गरिबको पनि दिन आउने गर्छ भन्ने कुरालाई प्रस्ट पारिउको हुनाले यस कथाको उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो । कथामा भाइ लाटो हुनु, आमा मर्नु, भेडा बाखा डढेलोमा पर्नु, राजा बन्न नपाएर दाजु बरालिएर हराउनुले कथामा करुण भाव अभिव्यक्त भएको छ । भाइले बाघ तथा राक्षस मारेर राज्य पाउनुले वीर भाव जागृत भए तापनि बढी भन्दा बढी करुण भाव जागृत हुने भएकोले यो कथा करुण भावप्रधान कथा हो । यसमा लाटो भाइ र बाठो दाजुको आफू अनुकूलको चरित्र तथा व्यक्तित्व प्रकाश भएकोले यो चरित्रप्रधान कथा हो । यसर्थ लाटो र बाठो दाजु भाइको कथा विषयवस्तुको आधारमा किंदन्तीमूलक, उद्देश्यका आधारमा नैतिक शिक्षामूलक, भावका आधारमा करुण भाव र शिल्पका आधारमा चरित्रप्रधान कथा हो भन्न सकिन्छ ।

## ३.१५ लोभी ज्वाइँको कथा

लोभी ज्वाइँको कथामा ससुराल गएको ज्वाइँले एउटै लुगा भएकोले सासु र स्वास्नीलाई छुट्याउने नसकेको कारणले सासुलाई स्वास्नी भनेर मासुले नअघाएको गोप्य कुरा बताएर समाजको चित्रण गरेको हुँदा यो कथा सामाजिक विषयवस्तुमा आधारित छ । त्यसैले यो सामाजिक कथा हो । कथामा समाजको उल्लेख्य चित्रण गरिए तापनि सुन्नलाई आनन्द आउने भएकोले कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो । त्यसैले यो मनोरञ्जनात्मक कथा हो । ज्वाइँलाई मासुले नअघाएको दुखेसो अभिव्यक्त भएकोले कथामा करुण भाव व्यक्त भएको छ । समाजका धेरै ज्वाइँ वर्गको नेतृत्व गर्ने खालको चरित्र चित्रण

गरिएकोले कथा चरित्रप्रधान हो । यसरी हामी भन्न सक्छौं कि लोभी ज्वाइँको कथा विषयवस्तुका आधारमा सामाजिक कथा, उद्देश्यका आधारमा मनोरञ्जनात्मक कथा, भावका आधारमा करुण भावप्रधान कथा र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

### ३.१६ सोझो ज्वाइँको कथा

प्रस्तुत सोझो ज्वाइँको कथामा ससुरालमा गएपछि बाघ भएर बस्नु काग भएर बोल्नु भन्ने आमाबुवाको उपदेशलाई विषयवस्तु बनाएर भनिएको कथा भएकोले यो सामाजिक कथा हो । यसका साथै बाघ जस्तै चार खुट्टाले बस्नु, काग जस्तै काक्-काक् कराउनुले किंवदन्तीमूलक कथा पनि मान्न सकिन्छ । यस कथाको मुख्य उद्देश्य आंशिक रूपमा नैतिक शिक्षा दिनु भए तापनि पूर्ण रूपमा भने मनोरञ्जन दिनु नै हो । त्यसैले यो मनोरञ्जनात्मक कथा हो । गङ्गटा नखाई भोकाई बस्नु, राती ज्वाइँलाई भोक लाग्नु आदि घटनाले यहाँ करुण भाव विकास भएको छ । यसमा ज्वाइँको चरित्रलाई उदाङ्गो पारेर देखाइएकोले यो चरित्रप्रधान कथा हो । यसरी यो विषयवस्तुको आधारमा सामाजिक उद्देश्यका आधारमा मनोरञ्जनात्मक भावका आधारमा करुण भावप्रधान र शिल्पका आधारमा चरित्रप्रधान कथा हो ।

### ३.१७ निष्कर्ष

प्रस्तुत शोधपत्रमा मकालु गाउँपालिकाबाट सङ्कलित पन्ध्रवटा कथाको वर्गीकरण गर्दा विषयवस्तुका आधारमा सामाजिक र किंवदन्तिमूलक रहेका छन् । उद्देश्यका आधारमा मनोरञ्जनात्मक र नैतिक शिक्षा दिने रहेका छन् । भावका आधारमा वीर, करुण भाव रहेका छन् । शिल्पका आधारमा चरित्रप्रधान रहेको निष्कर्ष निकालिएको छ ।

# चौथो परिच्छेद

## मकालु गाउँपालिकामा प्रचलित लोककथाको विश्लेषण

### ४.१ विषयपरिचय

मकालु गाउँपालिकामा प्रचलित पन्ध्रवटा लोककथाको सङ्कलन गरी कथाको परिचय दिँदै, लोककथा तत्त्व (कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीका) आधारमा विश्लेषण गरिएको छ ।

## ४.२ अन्तरजातीय ज्वाइँ कथाको विश्लेषण

अन्तर जातीय ज्वाइँको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित सामाजिक लोककथा हो । यो कथा सङ्खुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं. ३ निवासी ६२ वर्षीय खिलबहादुर राईबाट मिति २०७४/११/१२ गते सङ्कलन गरिएको हो । यस कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

### (क) कथानक

खालिङ राईको घरमा अन्तरजातीय ज्वाइँ जानु, बात गर्दै जाँदा खाना खाने बेला हुनु, सासुले आफ्नो भाषामा हात धुनु भन्नु र ज्वाइँले नबुझ्नु, सर्दै भित्तामा पुग्नु, कथाको सुरुवातको भाग हो ।

अझै पनि सासुले त्यही कुरा भनिरहनु, भित्तामा पुगी सकेँ अब कता सर्ने भनेर ज्वाइँले भन्नु, सासुले होइन सर्नु भनेको हात पो धुनु भनेको ज्वाइँ भन्नु कथाको मध्य भाग हो ।

लोटा लिएर बाहिर हात धुन जानु, बिरालो लडाई पर्नु, ज्वाइँ तर्सिनु, लोटाले सासुलाई हान्नु कथाको अन्त्य भाग हो ।

### (ख) पात्र

प्रस्तुत कथामा ज्वाइँ, सासु, आमा र बिरालो पात्र रहेका छन् । कथाको घटना क्रममा सुरुदेखि अन्त्यसम्म ज्वाइँको केन्द्रीय भूमिका रहेको हुनाले ज्वाइँ यस कथाको प्रमुख पात्र हो । प्रमुख पात्रको भूमिकालाई निरन्तरता दिनलाई सासुआमाको भूमिकाले सहयोग पुऱ्याएको हुनाले सासुआमा कथाको सहायक पात्र हुन् र बिरालो मानवेतर गौण पात्र हुन् ।

### (ग) परिवेश

अन्तरजातीय ज्वाइँलाई आफ्नो भाषामा बोलाउनु, खाना खानु भन्दा अगाडि कुरा तथा बात गर्नु, बिरालो लडाई पर्नु जस्ता कुराले गर्दा यस कथाले गाउँले तथा पहाडी परिवेशलाई समेटेको छ । त्यसैले यो कथाको वातावरण पहाडी क्षेत्र हो भनेर अन्न सकिन्छ ।

### (घ) उद्देश्य

प्रस्तुत कथा आकारगत रूपले सानो भए तापनि सामाजिक विषयवस्तुमा आधारित स्रोतालाई सुनिरहौँ जस्तो लाग्ने भएकोले गर्दा यस कथाको मुख्य उद्देश्य भनेको मनोरञ्जन दिनु हो ।

**(ङ) भाषाशैली**

ग्रामीण क्षेत्रमा प्रचलित यस कथाले पहाडी वातावरणलाई समेटेसँगै ग्रामीण समुदायमा बोलचालको रूपमा चलनचल्तीमा रहेको सोझो तथा सरल भाषाशैलीको प्रयोग यस कथामा प्रयोग गरिएको छ ।

**(च) निष्कर्ष**

सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित यस लोककथा सामाजिक लोककथा हो । ज्वाइँ मुख्य पात्र, सासुआमा सहायक पात्र र बिरालो गौण पात्र भएको यस कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

## ४.३ अल्छे ज्वाइँ कथाको विश्लेषण

प्रस्तुत अल्छे ज्वाइँको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो एक किंवदन्तीमूलक कथा भएकाले लोककथा परम्परा अनुसार मौखिक रूपमा भनिदै आउने क्रममा मकालु गाउँपालिका वडा नं. १ निवासी ७२ वर्षीय खड्ग सिंह राईबाट मिति २०७४/११/३ गते सङ्कलन गरिएको छ । यस कथाको मुख्य उद्देश्य भने मनोरञ्जन प्रदान गर्नु हो ।

**(क) कथानक**

प्रस्तुत कथामा ज्वाइँ घरज्वाइँ बस्नु, विरामी भनेर दिनभरी सुत्नु, सासु ससुरा मेलोमा गएपछि मिठो मिठो बनाएर खानु र बेलुका मेलोबाट फर्किदा सुति राख्नु कथाको आदि भाग हो ।

सासु ससुराले ज्वाइँ निको नभएपछि पुजारीलाई देखाउनु, पुजारीले बुझाउनु हुन्न भन्नु, कुखुरा, हाँस तयार पार्नु र पर्सी बुझाउनु पर्छ भनेर पुजारीले भन्नु कथाको मध्य भाग

हो । त्यसै गरी पूजा गर्न पुजारीहरू अगाडि जानु, विरामी बोक्ने स्वास्नी र जेठीसासु हुनु, स्वास्नीले बोक्दै जाँदा विरामी निदाउनु, निदाएको समयमा जेठीसासुले बोक्नु र त्यही बेला व्युँझिनु, तिम्रो भाग पनि मासु मलाई देउ भनेर भन्नु, हुन्छ भनेर जेठीसासुले भन्दा ज्वाइँ भाग्नु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

अल्छे ज्वाइँको कथा एक चरित्र प्रधान कथा हो । यसमा ज्वाइँ सासु ससुरा, पूजारी, स्वास्नी र जेठीसासु आदि पात्र रहेका छन् । यस मध्ये ज्वाइँ कथाको मूल भूमिकामा रहेकाले ऊ नै मुख्य तथा प्रमुख पात्र हो । प्रमुख पात्रको भूमिकालाई निरन्तर साथ दिने सासु ससुरा भएकाले यहाँ सासु ससुरा सहायक पात्र हुन् भने स्वास्नी, पुजारी, जेठीसासु आदि कथाका गौण पात्र हुन् ।

**(ग) परिवेश**

यस कथामा मेलोमा जानु, पूजा गर्नु, ससुरालीमा ज्वाइँ बस्नु आदि घटनाले गाउँले तथा पहाडी परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

अल्छे ज्वाइँको कथा आकारगत हिसावले सानो तथा छोटो भए तापनि सुन्दाखेरी स्रोतालाई सुनी रहुँ जस्तो लाग्ने आनन्द दिने खालको भएको हुँदा यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो । त्यसैले यो कथा मनोरञ्जनात्मक कथा हो ।

**(ङ) भाषाशैली**

प्रस्तुत कथाले पहाडी परिवेशलाई समेटेको हुनाले पहाडी परिवेश अनुकूलको समाजमा बोलचालको रूपमा चलनचल्तीमा रहेको सरल भाषाशैलीको प्रयोग गरिएको छ ।

**(च) निष्कर्ष**

प्रस्तुत अल्छे ज्वाइँको कथा किंवदन्तीमूलक कथा हो । अल्छे ज्वाइँ मुख्य पात्र भएको यस कथामा सासु ससुरा सहायक पात्र र पुजारी, स्वास्नी र जेठीसासु गौण पात्र रहेको यस कथाको मुख्य उद्देश्य स्रोता वर्गलाई मनोरञ्जन दिनु हो ।

## ४.४ क्षेत्री, बाहुन र दमाई कथाको विश्लेषण

प्रस्तुत क्षेत्री, बाहुन र दमाइको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिका वडा नं. ५ निवासी ५६ वर्षीय अमरबहादुर पोखेलबाट मिति २०७४-११/८ मा सङ्कलन गरिएको हो । यो कथा किंवदन्तीमूलक कथा हो । कथाले श्रवण गर्दा स्रोतालाई भरपुर मनोरञ्जन गराउने हुँदा यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो ।

**(क) कथानक**

प्रस्तुत कथामा क्षेत्री, बाहुन र दमाई सँगै बस्नु, परदेश जानु, राक्षसको देशमा पुग्नु, मनुष्यको कुनै घर नहुनु, बाटोमा रात पर्नु र राक्षसको घरमा बास बस्न पुग्नु कथाको आदि भाग हो ।

राक्षसले गाई पाल्नु, दूध दुनु, कुँडेमा तताउनु, भोक लागेको बेलामा दूध खान दिन्छ भनेर पाहुनाले सोच्नु तर साक्षसले कसैलाई नदिई कुँडे नै निल्नु कथाको मध्य भाग हो । पाहुनाहरू थकाइले सुत्नु, राक्षसले अगेनामा चिम्टा तताउनु, दमाईको आँखामा रोपी मारेर दमाईलाई खानु र क्षेत्री तथा बाहुनले राक्षसलाई मारेर घर फर्किनु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

यस कथामा क्षेत्री, बाहुन, दमाई मानविय पात्र राक्षस र सयवटा गाईहरू मानवेतर पात्रका रूपमा रहेका छन् । यस कथामा कथाको सुरुदेखि अन्तिमसम्म क्षेत्रीको भूमिका अगाडि रहेको र कथा शीर्षकमा पनि क्षेत्री अगाडि आएकोले क्षेत्री प्रमुख पात्र हो भने बाहुन र दमाईले प्रमुख पात्रलाई अन्त्यसम्म सहयोग गरेकाले यी दुई पात्र सहायक पात्र हुन् भने राक्षस र गाईहरू मानवेतर गौण पात्रहरू हुन् ।

**(ग) परिवेश**

गरिब हुनु, पैसा कमाउन परदेश जानु, राक्षसको देशमा पुग्नु, मानव बस्ती र घरहरू नहुनु, विकशित हुनले यस कथाले अलौकिक र पहाडी परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

यो कथा किंवदन्तीमूलक कथा भएकोले कुनै सत्यतामा आधारित नहुने हुँदा यस कथाको उद्देश्य मात्रै मनोरञ्जन दिलाउनु हो ।

**(ङ) भाषाशैली**

यस कथामा ग्रामीण समुदायमा प्रचलित रहेको सामान्य सरल बोल चालको भाषा प्रयोग गरिएको पाइन्छ ।

**(च) निष्कर्ष**

किंवदन्तीमूलक यस कथामा क्षेत्री, मुख्य पात्र, बाहुन र दमाई गौण पात्र र राक्षस र सयवटा गाईहरू मानवेतर गौण पात्रका रूपमा रहेका छन् भने यस कथाको मुख्य उद्देश्य स्रोता वर्गलाई अनुपम मनोरञ्जन दिनु रहेको छ ।

## ४.५ गरिब आमा र छोरा कथाको विश्लेषण

गरिब आमा र छोराको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिका वडा नं. ५ बस्ने ६५ वर्षीय सोममाया राईबाट मिति २०७४/११/८ गतेका दिन सङ्कलन गरिएको हो । किंवदन्तीमूलक यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिलाउनु हो ।

**(क) कथानक**

प्रस्तुत कथामा आमाछोरा बस्नु, गरिब हुनु, छोरा स्कुल पनि नजानु, खेली बस्नु, छोरा तँ स्कुल पनि जाँदैनस्, काम पनि गर्दैनस्, आज घरमा खाना पनि छैन भन्नु, म काम खोज्न जान्छु भन्नु र जानु यस कथाको आदि भाग हो ।

छोरा काम खोज्न जाँदा किसानसँग भेट हुनु, खेतमा काम गर्नु, किसानले ढ्याकी पैसा दिनु र बाटोमा हराउनु, रितै घरमा पुग्नु, आमाले सोध्नु, भोलि बाल्टी लिएर जानु, भोलि कुखुराको भाले बाल्टीमा हाल्नु, बाटैमा उम्किनु, घरमा आमाले सोध्नु र भोलि छोरी लिएर जानु भन्नु कथाको मध्य भाग हो ।

त्यसै गरी भोलि किसानले बाच्छा दिनु डोरीले बाँधेर डल्लो पारेर ल्याउनु, बाटोमा राजकुमारी ठुस्किएर बस्नु, देखेर हाँस्नु, राजारानी खुशी भएर धेरै धनसम्पति दिएर पठाउनु र आमा छोरा आरामले बस्नु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

यस कथामा छोरा, आमा, किसान, भाले, बाच्छो आदि मानवीय र मानवेतर पात्रहरू रहेका छन् । यस कथामा सुरुदेखि अन्त्यसम्म छोराको केन्द्रीय भूमिका रहेको हुनाले छोरा

यस कथाको प्रमुख पात्र हो । छोराको केन्द्रीय भूमिकालाई आमाले साथ दिएको हुनाले आमा यस कथामा सहायक भूमिकामा रहेको छ भने किसान मानवीय र भाले र बाच्छो मानवेतर गौण पात्र हुन् ।

**(ग) परिवेश**

किसान हुनु, खेतमा काम गर्नु, गरिब आमा छोरा हुनु जस्ता कुराले गाउँले परिवेशलाई समेटेको छ । राजकुमारी, राजारानी जस्ता कुराले सहरीया वातावरणलाई पनि समेटेको छ । यसरी हेर्दा समग्रमा यस कथामा मिश्रित परिवेश समेटिएको छ ।

**(घ) उद्देश्य**

प्रस्तुत कथा तुलनात्मक रूपमा मध्यम आकारको रहेको छ । यो कथा सुन्दा स्रोता वर्गमा आनन्द र मनोरञ्जन प्राप्त हुने हुँदा यस कथाको मुख्य उद्देश्य भनेको मनोरञ्जन प्रदान गर्नु हो ।

**(ङ) भाषाशैली**

गरिब आमा र छोराको कथामा गाउँले र सहरीया मिश्रित परिवेश समेटिएको भए तापनि भाषा भने पूर्ण रूपमा ग्रामीण समुदायमा प्रचलित जनबोलीमा प्रयोग हुने खालको सरल भाषा र सहज शैलीको प्रयोग गरिएको छ ।

**(च) निष्कर्ष**

सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित गरिब आमा र छोराको कथा लोकप्रीय लोककथा हो । किंवदन्तीमूलक यस कथामा छोरा मुख्य पात्र, आमा सहायक पात्र, किसान र भाले, बाच्छो गौण पात्रका रूपमा रहेको यस कथाको मुख्य उद्देश्य स्रोतालाई मनोरञ्जन दिलाउनु हो ।

## ४.६ चोयाको तिहुन र खोयाको भात कथाको विश्लेषण

चोयाको तिहुन र खोयाको भात लोककथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो कथा किंवदन्तीमूलक विषयवस्तुमा आधारित कथा हो । यो कथा मकालु गाउँपालिकाको वडा नं. ५ निवासी ४३ वर्षीय शान्ति राईबाट मिति २०७४/११/८ मा सङ्कलन गरिएको हो ।

**(क) कथानक**

एकजना ज्वाइँ ससुराल जानु, उहिलेको समयमा दुःख हुनु, ज्वाइँलाई सासुले मकैको भात र तामाको तरकारी दिनु, ज्वाइँलाई मिठो लाग्नु, सासुलाई सोध्नु, सासुले चोयाको तिहुन खोयाको भात भन्नु कथाको आदि खण्ड हो ।

सासुको घरको ढोका चोयाको चित्रको हुनु, यो चोयाको चित्र लगेर यस्तै मिठो बनाएर खान्छु भनेर ज्वाइँले सोच्नु, सासु ससुरा सुते पछि ज्वाइँले चित्र लिएर घर जानु कथाको मध्य खण्ड हो ।

घरमा चित्र काटेर पकाउनु, कति पकाउँदा पनि नपाक्नु, ससुरालीमा भएको चोयाको तिहुन कलिलो टुसा भएको थाहा नपाउनु कथाको अन्तिम खण्ड हो ।

**(ख) पात्र**

प्रस्तुत कथा किंवदन्तीमूलक विषयमा आधारित कथा हो । यस कथामा ज्वाइँ र सासुआमा पात्रका रूपमा रहेका छन् । कथाको घटनाक्रमलाई विस्तारित रूप दिलाउन ज्वाइँको मुख्य भूमिका रहेकोले ज्वाइँ यस कथाको प्रमुख पात्र हो । ज्वाइँलाई प्रमुख पात्रको भूमिका निर्वाह गर्न सासुआमाले सहयोग गरेको हुँदा सासुआमा यस कथाका सहायक पात्र हुन् ।

**(ग) परिवेश**

प्रस्तुत कथामा चोयाको तिहुन, खोयाको भात, चित्र जस्ता प्रसङ्गले पहाडी वातावरणको सङ्केत देखिन्छ । त्यसकारणले कथाले पहाडी परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

किंवदन्तीमूलक विषयवस्तुमा आधारित यस कथाले स्रोता वर्गलाई सुन्दाखेरी अत्यन्तै आनन्द अनुभूति गराउने र मनोरञ्जन दिलाउने भएकोले यस कथाको मुख्य उद्देश्य स्रोता वर्गलाई मनोरञ्जन प्रदान गर्नु हो ।

**(ङ) भाषाशैली**

यस कथाले पहाडी वातावरण तथा परिवेशलाई समेटेको हुनाले यो कथा ग्रामीण भेगमा प्रचलित कथा भएको थाहा पाउन सकिन्छ । त्यसैले ग्रामीण भेगमा प्रचलित

लोककथा भएको हुनाले यस कथामा गाउँले समाजमा बोलचालको रूपमा प्रचलित सरल भाषाशैलीको प्रयोग गरिएको छ ।

**(च) निष्कर्ष**

सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित किंवदन्तीमूलक विषयवस्तुमा आधारित यस कथाको मुख्य पात्र ज्वाइँ हो भने सासुआमा सहायक पात्र हुन् । यस कथाको मुख्य उद्देश्य स्रोता वर्गलाई मनोरञ्जन दिलाउनु हो ।

## ४.७ छुवाछुत कथाको विश्लेषण

छुवाछुतको कथा सङ्खुवासभा जिल्लाको उत्तरी क्षेत्र मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो कथा मकालु गाउँपालिका वडा नं. २ निवासी ७० वर्षीय चन्द्रमाया दर्जीबाट मिति २०७४/११/४ गते सङ्कलन गरिएको हो । सामाजिक विषयवस्तुमा आधारित यो सामाजिक कथाको मूल उद्देश्य समाज सुधारात्मक तथा नैतिक शिक्षा प्रदान गर्नु रहेको छ ।

**(क) कथानक**

दमाईको छोरोले क्षेत्री केटी विहे गर्नु, जातभातको चलन हुनु, दमाईलाई भित्र पस्न नदिनु कथाको सुरुको भाग हो । क्षेत्रीलाई हेला गर्नु, खाना लाउन नदिनु, हेला गर्नु, हेला सहन नसकेर बाहिर जानु कथाको मध्य भाग हो भने दमाईले आफ्नै जातको केटी ल्याउनु र आनन्दले बस्नु, उहिलेको समयमा छुवाछुतको व्यवहार भएकोले अहिलेको समयमा कामी दमाई हीन हुनु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

छुवाछुतको कथा सामाजिक धरातलमा विकाश भएको एक चरित्र प्रधान कथा हो । यस कथामा दमाई केटो, क्षेत्रीनी बुहारी र दमाई केटी रहेका छन् । दमाई केटा यस कथाको नायक भएकोले ऊ प्रमुख पात्र हो । दमाई केटाको प्रमुख पात्रलाई साथ दिने सहयोगी भूमिका क्षेत्रीनीले निर्वाह गरेकीले उनी सहायक पात्र हुन् भने दमिनी केटी कथाको गौण पात्र हुन् ।

### (ग) परिवेश

प्रस्तुत छुवाछुतको कथामा छुवाछुत हुनु, अन्तरजातिय बुहारीलाई अत्याचार गर्नु, दलितलाई भित्र पस्न नदिनु जस्ता घटनाले गाउँले अशिक्षित समाजको तथा समुदायको चित्रण भएको छ । त्यस कारण यस कथामा पहाडी परिवेश तथा वातावरणको चित्रण गरिएको छ ।

### (घ) उद्देश्य

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित एक सामाजिक कथा हो । सामाजिक कथा भएको हुँदा यसले स्रोता वर्गलाई नैतिक शिक्षा दिन खोज्नु यस कथाको मुख्य उद्देश्य हो ।

### (ङ) भाषाशैली

छुवाछुतको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो कथामा पहाडी परिवेश समेटिएको छ । पहाडी परिवेश तथा वातावरण अनुसारको सामान्य बोलचालको भाषा यस कथामा प्रयोग गरिएको छ ।

### (च) निष्कर्ष

छुवाछुतको कथा एक सामाजिक कथा हो । दमाईको केटो प्रमुख पात्र क्षेत्रीनी सहायक पात्र र दमाइनी केटी गौण पात्र रहेको लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो ।

## ४.८ जेठा बुढा र कान्छा बुढा कथाको विश्लेषण

प्रस्तुत जेठा बुढा र कान्छा बुढा कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो एउटा किंवदन्तीमूलक कथा हो । यो कथा मकालु गाउँपालिका वडा नं. ५ निवासी ४९ वर्षीय शमशेरबहादुर राईबाट मिति २०७४/११/८ मा सङ्कलन गरिएको हो । यस कथाको मूल उद्देश्य स्रोता वर्गमा समाज सुधारका साथ मनोरञ्जन प्रदान गर्नु हो ।

### (क) कथानक

केटा र केटी बीच प्रेम विवाह हुनु, लोग्ने मात्रै मेलोमा जानु, स्वास्नी दिनभरी घरैमा बस्नु, लोग्ने मेलामा गएको समयमा अर्को केटा ल्याएर घरमा राख्नु, मिठो मिठो पोषण ख्वाउनु कथाको सुरु भाग हो ।

जेठो लोग्नेले यो कुरा थाहा पाउने सम्भावना हुनु, मेलोमा जाँदा र आउँदा दमाहा बजाउने चलन स्वास्नीले बसाउनु र सोही अनुसार गर्नु, कान्छो लोग्नेसँग दिनभरी बसेर सबै भकारीको धान खाइ सक्नु कथाको मध्य भाग हो ।

जेठो लोग्नेलाई ढाँट्नलाई उपाय रच्नु, बाटोमा तर्साउनु, घरको भकारीको धान भूष पारी दिने शर्त गर्नु, घरमा गएर हेर्दा भकारीको धान साँच्चै भूष हुनु र लोग्नेलाई सधै भूषको रोटी दिनु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

प्रस्तुत कथा चरित्र प्रधान कथा हो । यस कथामा जेठा बुढा, स्वास्नी र कान्छो बुढा पात्रका रूपमा उभिएका छन् । यस कथामा सोभ्mो भए तापनि कथाको घटनाक्रम जेठो बुढाकै केन्द्रीयतामा विस्तार भएकोले गर्दा जेठा बुढा यस कथाको प्रमुख पात्र हो । स्वास्नीले कथाको घटनाक्रमलाई विस्तार गर्न सहयोग गरेको हुनाले स्वास्नी सहायक पात्र हुन् भने कान्छो लोग्ने कथाको गौण पात्र हो ।

**(ग) परिवेश**

मेलोमा जानु, धान भकारीमा राख्नु, बाटोमा तर्साउनु, स्वास्नी घरमा बस्नु, दमाहा बजाउनु आदि कुराले यस कथाको वातावरण पहाडी क्षेत्र रहेको कुरा थाहा पाउन सकिन्छ । अर्को कुरा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिका पूर्ण रूपमा पहाडी क्षेत्र रहेको ठाउँमा प्रचलित लोककथा भएकोले र त्यस ठाउँमा प्रचलित लोककथा हुनाले यस कथाले पहाडी परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

किंवदन्तीमूलक विषयवस्तुमा आधारित कथा हो जेठा बुढा र कान्छा बुढा कथा । यस कथाले स्रोतालाई आनन्द र मनोरञ्जन दिने भएकोले यसको मुख्य उद्देश्य भनेको मनोरञ्जन प्रदान गर्नु हो ।

**(ङ) भाषाशैली**

ग्रामीण तथा पहाडी परिवेशलाई समेटेर कथा विस्तार भएको हुनाले यस कथाको भाषा पनि ग्रामीण क्षेत्र अनुकूलकै रहेको छ । ग्रामीण तथा पहाडी भेगमा सरल भाषाशैलीको प्रचलन रहेको हुनाले सोही अनुसारको बुझिने भाषाशैलीको प्रयोग यस कथामा भएको छ ।

**(च) निष्कर्ष**

प्रस्तुत कथा सङ्खुवासभा जिल्ला मकालु गाउँपालिकामा प्रचलित यस लोककथामा जेठो बुढा प्रमुख पात्र, स्वास्नी सहायक पात्र र कान्छो बुढा गौण पात्र रहेको यस कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

## ४.९ ढेंडु र भालु कथाको विश्लेषण

ढेंडु र भालुको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो लोककथा मकालु गाउँपालिका वडा नं. ६ निवासी वर्ष ६४ का हर्कबहादुर राईबाट मिति २०७४/११/९ मा सङ्कलन गरिएको हो । किंवदन्तीमूलक विषयवस्तुमा आधारित यो कथा सुन्नका लागि मनोरञ्जन दिलाउनु मुख्य उद्देश्य रहेको छ ।

**(क) कथानक**

ढेंडु र भालु मितको सम्बन्धमा बाधिएर मकै रोप्ने सल्लाह गर्नु, ठूलो भोस्मे फाँड्नु, डढेलो लगाएर रोपेर मकै उमार्नु र भालुलाई ढेंडुले गुफा बसाउनु कथाको आदि भाग हो ।

ढेंडुले दिनै मकै हेर्न जाँदा खाएर आउनु, भालुलाई पनि खान लानु, भोस्मेमा मकै नहुनु, के के भनेर भालुलाई टार्नु र त्यस्तै सिलासाङलो खानु कथाको मध्य भाग हो ।

अर्कै भालुको गोठ देख्नु, दूध मही चोरी खान जानु, नअघाएर काँक्रो खानु र भालुको छेरले ढेंडुलाई बगाएर उनीहरू एकआपसमा छुट्टिनु कथाको अन्तिम भाग हो ।

**(ख) पात्र**

ढेंडु र भालुको कथामा ढेडु, भालु र गोठवाला भालु गरी तीनवटा मानवेतर पात्रहरू रहेका छन् । कथाको सुरुदेखि अन्त्यसम्म ढेंडुको भूमिका मुख्य भएकोले यहाँ ढेंडु मानवेतर प्रमुख पात्र हो । त्यसै गरी ढेडुको भूमिकालाई स्थायित्व दिलाउन भालुले सहयोगी भूमिका खेलेकोले गर्दा भालु मानवेतर सहयोगी पात्र हो र गोरुवाला भालु गौण पात्र हो ।

**(ग) परिवेश**

ढेडु र भालुको कथामा मकै रोप्ने, भोस्मे फाँड्ने, जंगल माँड्ने, गुफा बस्ने, गोठमा दूध मही चोर्ने जस्ता प्रसङ्गले ग्रामीण तथा पहाडी परिवेशलाई समाहित गरेको छ ।

**(घ) उद्देश्य**

ढेडु र भालुको कथाले कुनै नैतिक शिक्षा तथा समाज सुधारमूलक उद्देश्य नलिए तापनि स्रोता वर्गमा सुन्दा खेरी अत्यन्तै आनन्दाभूति सिर्जना गर्ने भएकोले यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु रहेको छ ।

**(ङ) भाषाशैली**

ढेडु र भालुको कथा ग्रामीण तथा पहाडी परिवेशमा प्रचलनमा रहेको हुँदा यसमा सोझो गाउँले व्यक्तिहरूले समाजमा बोलचालको रूपमा प्रयोग गर्ने सरल भाषाको प्रयोग गरिएको छ । कथालाई घटना अनुसार वर्णन गरिएको हुँदा यसमा वर्णनात्मकशैली अपनाइएको छ ।

**(च) निष्कर्ष**

सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचारित ढेडु र भालुको कथा किंवदन्तीमूलक विषयवस्तुमा आधारित कथा हो । ढेडु र भालु मुख्य र सहायक पात्र भएको यस कथाको मुख्य उद्देश्य स्रोतालाई मनोरञ्जन दिलाउनु रहेको छ ।

## ४.१० दिदी बहिनी कथाको विश्लेषण

प्रस्तुत दिदी बहिनीको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित एक लोककथा हो । यो कथा मकालु गाउँपालिका वडा नं. १ निवासी ७० वषीय धनमाया विश्वकर्माबाट २०७४/११/३ सङ्कलन गरिएको हो । सामाजिक विषयवस्तुमा आधारित एक सामाजिक कथा हो । यस कथाको मुख्य उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो ।

**(क) कथानक**

दिदी बहिनी भेला हुनु, दिदीले बहिनीलाई जुम्रा मार्न लगाउनु, दिदीलाई बहिनीले एकमाना कनिका दिएर पठाउनु, दिदी रुदै घर्‍यानमा सिस्नु टिप्नु, छेडुले देखेर सोध्नु कथाको आदि तथा सुरुवात भाग हो ।

बेलुका तिमी सिस्नो टिपेर जानु, नानीहरूलाई सुताउनु, घरको चारकुना गोबरले लिप्नु जस्तो कुरा ढेडुले भन्नु, दिदीले त्यही अनुसार गर्नु, बिहान उठ्दा घर भरी अन्नै अन्न हुनु कथाको बिच भाग हो ।

बिहाद दिदीको घरमा पाथी माग्न पठाउनु, बहिनीले पाटीको पिँधमा गोवर टासेर पठाउनु, पाथी पुऱ्याएको बेला पाथीको पिँधमा पैसा र अन्न टाँसिएको दिदीले देख्नु, दिदीले सोद्धा, दिदीले सबै कुरा बताउनु र त्यसै गर्दा भोलि घरमा ढुङ्गै ढुङ्गा र फोहोर हुनु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

दिदी बहिनी कथामा दिदी, बहिनी, ढेडु र छोराछोरी आदि पात्र रहेका छन् । बहिनी भन्दा गरिब भए तापनि कथाको घटना क्रमलाई निरन्तरता दिन मुख्य भूमिका निर्वाह गरेकीले दिदी यस कथाको प्रमुख पात्र हो । दिदीलाई प्रमुख भूमिका निर्वाह गर्दा सघाएको हुनाले बहिनी सहयोगी पात्र हो भने ढेडु मानवेतर र छोराछोरीहरू मानवीय गौण पात्रहरू हुन् ।

**(ग) परिवेश**

प्रस्तुत कथामा सिस्नो टिप्नु, जुम्रा मार्नु, ढेडुले देख्नु आदि घटनाले पहाडी परिवेश तथा वातावरण समेटेको छ ।

**(घ) उद्देश्य**

प्रस्तुत दिदी बहिनीको कथाले समाजमा धनसम्पति भएपछि मान्छेले नाता सम्बन्धलाई पनि बिर्सिन्छन् तर यस्तो गर्नु राम्रो होइन सामाजिक विषयवस्तुमा आधारित यस कथाको मुख्य उद्देश्य छ । प्रयोजन भनेको स्रोता वर्गलाई नैतिक शिक्षा प्रदान गर्नु हो ।

**(ङ) भाषाशैली**

दिदी बहिनी कथाले मुख्यतः पहाडी परिवेशले समेटेको हुनाले यसमा पहाड तथा गाउँले समाजमा प्रचलन तथा चलनचल्तीमा आधारित सरल भाषाशैलीको भाषा प्रयोग गरिएको छ ।

**(च) निष्कर्ष**

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित रहेको छ । दिदी मुख्य पात्र, बहिनी सहायक पात्र र ढेडु अनि छोराछोरीहरू गौण पात्र रहेको यस कथाको मुख्य उद्देश्य भनेको स्रोता वर्गमा नैतिक शिक्षा प्रदान गर्नु रहेको छ ।

## ४.११ धनी दाजु र गरीब भाइ कथाको विश्लेषण

प्रस्तुत धनी दाजु र गरीब भाइको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो कथा मकालु गाउँपालिका वडा नं. ५ निवासी ६१ वर्षीय पदमबहादुर पोखरेलबाट मिति २०७४-११/८ गते सङ्कलन गरिएको हो । सामाजिक विषयवस्तुमा आधारित यस कथाको मुख्य उद्देश्य भने नैतिक शिक्षा प्रदान गर्नु रहेको छ ।

### (क) कथानक

धनी दाजु र गरीब भाइको कथामा दाजु धनी हुनु भाइ गरीब भएकोले सधै बोनी गरी खानु, भावी खोज्दै जानु, भावी भेटाउनु, भावीले जे जे भन्यो त्यही गर्नु र घरमा धनदौलत, गाईवस्तु, लुगा कपडा टन्न हुनु कथाको आदि भाग हो ।

दाजुको घरमा भोलि पाथी माग्नु जानु, पाथीमा खोजो टाँस्नु, पाथमिा पैसा टाँसिनु, दाजुभाइको घरमा आएर सोध्नु, भाइले सत्य कुरा दाजुलाई बताउनु र त्यस्तै आफूले पनि गर्ने सोच लिएर दाजु घर फर्किनु कथाको मध्य भाग हो ।

जंगलमा दाजु भावी खोज्न जानु र भावी भेट्टाउनु, भाइलाई जस्तै भावीले भन्नु, घरमा स्वास्नी उठ्न नमान्नु, अल्याङटल्याङ गरी उठ्नु र सोध्दा खेरी हग्नको लागि भावी भन्नु र त्यसैमा भावी सकिनु कथाको अन्त्य भाग हो ।

### (ख) पात्र

धनी दाजु र गरीब भाइ कथामा दाजु, भाइ, भाइकी स्वास्नी, दाजुकी स्वास्नी, भावी र छोराछोरी आदि पात्रहरू रहेका छन् । यस कथामा भाइ कथाको सुरुदेखि अन्त्यसम्म सत विचारको पात्र भएकोले ऊ नै प्रमुख पात्र हो । कथामा भाइपछि दाजुको भूमिका सहायक रूपमा रहेको हुनाले दाजु यस कथामा सहयोगी पात्रका रूपमा रहेको छ भने दाजुभाइका स्वास्नी र छोराछोरीहरू गौण पात्रका रूपमा रहेका छन् ।

### (ग) परिवेश

यस कथामा भावी खोज्न जंगलमा जानु, गोवरले घर लिप्नु, गरीब हुनु आदि प्रसङ्गले पहाडी परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

यस कथाको मुख्य उद्देश्य भनेको स्रोता वर्गलाई नैतिक शिक्षा दिनुका साथै मनोरञ्जन प्रदान गर्नु हो ।

**(ङ) भाषाशैली**

पहाडी समुदायमा प्रचलनमा रहेको साधारण बोलचालको भाषा यस कथामा प्रयोग भएकोले सरल भाषा प्रयोग भएको पाइन्छ । यसरी सरल भाषाशैलीका साथ यो कथाको घटनाक्रमलाई क्रमशः वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

**(च) निष्कर्ष**

सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित यो लोककथा सामाजिक विषयवस्तुमा आधारित पहाडी परिवेशलाई समेटेर बनाइएको छ । धनी दाजु र गरीब भाइको प्रसंगलाई उठाएर नैतिक शिक्षा प्रदान गर्नु यो कथाको मूल उद्देश्य रहेको छ ।

## ४.१२ नुन रोप्ने कामी र दमाई कथाको विश्लेषण

प्रस्तुत नुन रोप्ने कामी र दमाईको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो कथा मकालु गाउँपालिका वडा नं. ६ निवासी ७० वर्षीय सन्तबहादुर विश्वकर्माबाट २०७०/११/९ गते सङ्कलन गरिएको हो । किंवदन्तीमूलक विषयवस्तुमा आधारित यो कथाको मूल उद्देश्य मनोरञ्जन दिलाउनु हो ।

**(क) कथानक**

नुन रोप्ने कामी दमाईको कथामा कामी र दमाईले नुन बोकी ल्याउनु पोका पोका पारेर सिन्का गाडेर रोप्नु कथाको सुरुवातको भाग हो । दमाईले नुन खोतीमा फट्याङ्ग्रा हाली दिनु, फट्याङ्ग्रालाई खेदाउन जानु पर्छ भन्नु कथाको मध्य भाग हो भने धनुकाण लिएर खेदाउन जानु, कामी बाबुको हातीमा फट्याङ्ग्रा बस्नु, बाबुले फट्याङ्ग्रा देखाउनु छोराले बाबुको छातीमा धनुकाण हानी बाबुको मृत्यु हुनु कथाको अन्तिम भाग हो ।

**(ख) पात्र**

नुन रोप्ने कामी र दमाईको कथामा कामी दमाई, कामीको छोरा र फट्याङ्ग्रा पात्रगत भूमिकामा रहेका छन् । त्यस मध्ये कामी मुख्य पात्र हो । किनकी कथाको सुरुवातदेखि कामीको भूमिका रहेको र उसको मृत्यु पश्चात् कथा सकिएको छ । त्यसै गरी दमैले कामीलाई सहयोगी भूमिका निर्वाह गरेकाले ऊ सहयोगी पात्र हो भने कामीको छोरा गौण पात्र र फट्याङ्ग्रा मानवेतर गौण पात्र हो ।

**(ग) परिवेश**

यस कथामा खेती गर्नु, फट्याङ्ग्रा हुनु, धनुकाण प्रयोग गर्नुले गाउँले परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

किंवदन्तीमूलक कथा भएर पनि विशेष गरी समाजका मानिस नयाँ स्रोता वर्गलाई नैतिक शिक्षा दिनु यस कथाको मुख्य उद्देश्य हो ।

**(ङ) भाषाशैली**

नुन रौपने कामी दमाईको कथामा विशेष गरी गाउँले तथा पहाडी परिवेश समेटिएको हुँदा यसमा भाषा पनि गाउँले समाजमा प्रचलित सरल खालको प्रयोग गरिएको पाइन्छ । कथा छोटो भए तापनि घटनाक्रमलाई सिलसिलाबद्ध तयार पारिएको यसमा वर्णनात्मक शैली अपनाइएको छ ।

**(च) निष्कर्ष**

सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित यो कथा किंवदन्तीमूलक विषयवस्तुमा आधारित सरल भाषाशैलीको प्रयोग गरी वर्णनात्मक शैलीमा नैतिक शिक्षा प्रदान गर्ने यस कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.१३ लाटा र अपाङ्ग कथाको विश्लेषण

लाटा र अपाङ्गको कथा मकालु गाउँपालिका वडा नं. ४ निवासी आशाबल राईबाट २०७४/११/५ गते सङ्कलन गरिएको हो । यो मनोरञ्जन दिने किम्वदन्तीमूलक कथा हो ।

**(क) कथानक**

प्रस्तुत कथामा लाटा र अपाङ्ग विश्वकर्माको घरमा बास बस्न पुग्नु, लाटा र अपाङ्गलाई बाहिर सुताउनु, राती दैत्य आउँछ भन्ने हल्ला गर्नु, राती साँच्चिकै दैत्य आउनु कथाको सुरुको भाग हो ।

कपाल छाम्नु, सनासोले क्याप्पै समाउनु, घनले हानेर लाटाले राक्षसलाई लडाउनु, बिहान चेलीबेटी, बुहारीहरू उठ्दा राक्षस लडी रहेको हुनु कथाको मध्य भाग हो ।

बिहान हल्ला हुनु, राजाले सुन्नु, राजाले आफ्नो सिट दिएर लाटालाई मुकुट ओडाएर राजा बनाई राख्नु र अपाङ्गलाई मन्त्री बनाएर आनन्दसँग राज चलाउनु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

लाटा र अपाङ्गको कथामा लाटा, अपाङ्ग, राजा, दैत्य, विश्वकर्म र छोरी, बुहारीहरू पात्रका रूपमा रहेका छन् । यस कथामा कथाको आदि भागदेखि अन्त्य भागसम्म लाटाको मुख्य भूमिका भएकोले लाटा यस कथाको मुख्य पात्र हो । त्यसै गरी कथामा मुख्य पात्र लाटाको भूमिकालाई निरन्तरता प्रदान गर्नलाई अपाङ्गको सहयोग भएकोले अपाङ्ग सहयोगी पात्र हुन् । दैत्य मानवेतर पात्र हो भने राजा, विश्वकर्म र छोरी बुहारी यस कथाका गौण पात्र हुन् ।

**(ग) परिवेश**

लाटा र अपाङ्ग कथामा विश्वकर्मको घरमा बास बस्न पुग्नु, चोथाको फक्लेटा देखाउनु, राती दैत्य आउँनु आदि कुराले पहाडी तथा ग्रामीण परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

लाटा र अपाङ्गको कथा सुन्दाखेरी अत्यन्तै मनोरञ्जन हुने खालको भएकोले यो कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु रहेको छ ।

**(ङ) भाषाशैली**

लाटा र अपाङ्गको कथामा ग्रामीण भेगमा सोझा साझा मानिसले प्रयोग गर्न सामाजिक बोलचालको भाषा प्रयोग भएकोले सरल भाषाको प्रयोग गरिएको छ । सुरुदेखि अन्तिमसम्म क्रमशः कथाको घटना वर्णन गरिएको हुँदा यो वर्णनात्मक शैलीमा लेखिएको छ ।

**(च) निष्कर्ष**

लाटा र अपाङ्गको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यस कथामा लाटा मुख्य पात्र, अपाङ्ग सहायक पात्र, दैत्य मानवेतर पात्र र अन्य गौण पात्रका रूपमा रहेका छन् । किंवदन्तीमूलक विषयवस्तुमा आधारित यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु रहेको छ ।

## ४.१४ लाटो र बाठो दाजुभाइ कथाको विश्लेषण

लाटो र बाठो दाजुभाइको कथा मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । सोहि गाउँपालिको वडा नं. ६ निवासी ७० वर्षीय कृष्णबहादुर पराजुलीबाट २०७४/११/९ गतेको दिन सङ्कलन गरिएको हो ।

**(क) कथानक**

भाइ लाटो र दाजु बाठो हुनु, भाइलाई भेडाबाखा चराउन लगायत घरका सबै काम लगाएर दाजु अफिस जानु, घरमा फकेर आउँदा आमा जिउँदो नहुनु भेडाबाखा सबै खोरमा मरेको हुनु र घरमा भाइलाई छोडेर आफू एक्लै बाहिर निस्किने निर्णय गर्नु कथाको सुरुको भाग हो ।

भाइले दाजुलाई पछ्याउनु, नाम्लो र पोको लिएर दुवै जना जानु, बाटोमा जाँदा वृक्षको फेदमा सुतेका परदेशीलाई ढुङ्गा लडाएर किची मार्नु, परदेशीको सुनचाँदी दाजुले लानु र भाइले परदेशीको धोती बोक्नु कथाको मध्य तथा बीच भाग हो ।

दरबारमा पुग्नु, लाटो भाइले केटाकेटी खाने बाघ (राक्षस) लाई ढुङ्ग्रोले हानेर मार्नु, राजाले आधा राज्इ च्वाट्ट दिएपछि भाइ राजा भएर बस्नु र दाई विरक्तिएर बरालिएर हराउनु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

लाटो र बाठो दाजुभाइको कथामा लाटो भाइ, बाठो दाजु, आमा, भेडाबाखा, परदेशी आदि पात्रहरू रहेका छन् । कथामा लाटो भाइको भूमिका सुरुदेखि अन्त्यसम्म मुख्य रहेकोले लाटो भाइ कथाको प्रमुख पात्र हो भने बाठे दाइले प्रमुख पात्र लाटो भाइको भूमिकामा निरन्तर सहयोगी भूमिका निर्वाह गरेकाले ऊ सहयोगी पात्र हो । आमा, परदेशीहरू मानवीय गौण पात्र हुन भने भेडाबाखा मानवेतर गौण पात्र हुन् ।

### (ग) परिवेश

यस कथामा बाघ (राक्षस) वृक्षको फेदमा सुतेका परदेशी, खोरियामा डढेलोमा परी मरेका भेडाबाखा, ढिकी, जाँतो आदि कुराले गर्दा गाउँले तथा पहाडीया परिवेशलाई ओगटेको छ ।

### (घ) उद्देश्य

लाटो र बाठो दाजुभाइको कथामा लाटोलाई हेला गर्नु हुँदैन किनकी उनीहरूको पनि कुनै समय भाग्य चम्किन सक्छ र बाठो समान बन्न सक्छ भन्ने नैतिक शिक्षाका साथै मनोरञ्जन दिनु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### (ङ) भाषाशैली

लाटो र बाठो दाजुभाइको कथा ग्रामीण भेगमा प्रचलित भएको र यसमा परिवेश पनि ग्रामीण तथा पहाडी क्षेत्र रहेकोले गाउँले स्तरमा प्रयोग हुने सरल भाषाशैली यस कथामा रहेको पाइन्छ ।

### (च) निष्कर्ष

मकालु गाउँपालिकामा प्रचलित यो लोककथा किंवदन्तीमूलक विषयवस्तुमा आधारित कथा रहेको छ । लाटो मुख्य पात्र, बाठो दाजु सहायक पात्र तथा आमा र परदेशी गौण पात्र अनि भेडाबाखा मानवेतर गौण पात्र रहेको यस कथाको मुख्य उद्देश्य भने नैतिक शिक्षा प्रदान गर्नुका साथै स्रोतालाई मनोरञ्जन प्रदान गर्नु हो ।

## ४.१५ लोभी ज्वाइँ कथाको विश्लेषण

लोभी ज्वाइँको कथा सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथा हो । यो कथा मकालु गाउँपालिका वडा नं. ५ निवासी दिलमाया राई ४८ वर्षीयबाट मिति २०७४/११/१२ मा सङ्कलन गरिएको कथा हो । यो एक किंवदन्तीमूलक कथा हो । यसको मुख्य उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो ।

### (क) कथानक

लोभी ज्वाइँको कथामा ज्वाइँ ससुराली जानु, कुल बुझाउने पूजा हुनु, सासु र श्रमितीको लगा एउटै हुनु र लगाउनु कथाको आदि भाग हो ।

पूजा सकिनु, खाना खानु, ज्वाइँलाई मासु कम्ति हुनु कथाको मध्य भाग हो भने बाहिर चुठ्न जानु, लुगा एउटै भएकाले स्वास्नी भनेर सासुलाई मलाई मासु कम्ती भयो भनेर भन्नु सासुले घरमा धेरै जना भएकोले थोरै पऱ्यो भन्नु र ज्वाइँ लाजले भाग्नु कथाको अन्त्य भाग हो ।

**(ख) पात्र**

प्रस्तुत कथा चरित्र प्रधान कथा हो । यस कथाका पात्रहरू ज्वाइँ, सासु, श्रीमती र अन्य परिवार सदस्यहरू हुन् । कथाको प्रमुख भूमिका ज्वाइँको भएकोले ज्वाइँ नै यस कथाको मुख्य पात्र हुन् । सासुले ज्वाइँलाई प्रमुख भूमिका निर्वाह गर्नुमा सहयोगी भूमिका खेलेकीले सासु सहायक पात्र हुन् भने स्वास्नी र परिवारका अन्य सदस्यहरू कथाका गौण पात्र हुन् ।

**(ग) परिवेश**

कुल पूजा गर्नु, पूजामा ज्वाइँ ससुरालीमा जानु जस्ता घटनाले यो कथाको परिवेश गाउँले वातावरण तथा परिवेश समेटेको छ । मासुमा लोभ गर्नु, आमा छोरीले एउटै लुगा लगाउनु जस्ता कुरा पहाडी परिवेशका आधार हुन् ।

**(घ) उद्देश्य**

प्रस्तुत लोककथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यो कथा सुन्दाखेरी सुनिरहौँ जस्तो लाग्ने, आनन्द हुने भएकोले यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो ।

**(ङ) भाषाशैली**

गाउँले परिवेशमा आधारित कथा भएकोले यस कथामा गाउँले जीवन जगत् अनुकूलको सरल र सहज भाषा प्रयोग गरिएको छ जसले कथा सामान्य स्रोताको लागि श्रवण योग्य रहेको छ ।

(च) **निष्कर्ष**

लोभी ज्वाइँको कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । ज्वाइँ प्रमुख पात्र, सासु सहायक पात्र र स्वास्नी अनि परिवारका सदस्यहरू गौण पात्र भएको यस कथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु हो ।

## ४.१६ सोभ्को ज्वाइँ कथाको विश्लेषण

सोभ्को ज्वाइँको कथा सङ्खुवासभा जिल्ला मकालु गाउँपालिकामा प्रचलित किंवदन्तीमूलक कथा हो । यो कथा मकालु गाउँपालिका वडा नं. ३ निवासी ६६ वर्षीय जयमाया राईबाट मिति २०७४/११/१२ गते सङ्कलन गरिएको हो । यो किंवदन्तीमूलक विषयवस्तुमा आधारित एक चरित्र प्रधान कथा हो र यस कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

(क) **कथानक**

ज्वाइँ ससुराली जानु, आमा बुवाको उपदेश अनुसार बाघ जस्तै बस्नु, काग जस्तै बोल्नु, सासुले कस्तो ज्वाइँ बाघ जस्तो बस्छ, काग जस्तो बस्छ भन्नु कथाको सुरुवातको भाग हो ।

गङ्गटाको खाना पकाउनु, ज्वाइँले गङ्गटा खाँदिन भन्नु, राती ज्वाइँलाई भोक लाग्नु र बेलुकी गङ्गटा राखेको ज्वाइँले सम्भिनु कथाको मध्य भाग हो भने ज्वाइँले गङ्गटा चोरेर खानु, सासुले कुकुर भनेर लट्ठीले हान्नु, कान थुन्दै गङ्गटा खानु, सासुले अच्चे भन्दा काँकूक काँकूक कराउँदै ज्वाइँ भाग्नु कथाको अन्त्य भाग हो ।

(ख) **पात्र**

प्रस्तुत कथा किंवदन्तीमूलक विषयवस्तुमा आधारित चरित्र प्रधान कथा हो । यस कथामा ज्वाइँ, सासु, ससुरा, जेठीसासुहरू पात्रका रूपमा रहेका छन् । कथाको सुरुवातदेखि अन्त्यसम्म ज्वाइँको प्रमुख भूमिका रहेको हुनाले यस कथामा ज्वाइँ प्रमुख पात्रका रूपमा रहेको छ । सासु, ससुराले ज्वाइँ प्रमुख पात्रलाई निरन्तर सहयोग गरिराख्ने भएकोले सासु सहायक पात्र हुने भने ससुरा र जेठीसासुहरू गौण पात्र हुन् ।

(ग) **परिवेश**

आमा बुवाको उपदेश अनुसार बाघ जस्तै चारखुट्टाले बस्नु, काग जस्तै काक् काक् कराउनु, गङ्गटाको खाना खानु आदि घटनाले गर्दा यो कथाले पहाडी परिवेशलाई समेटेको छ ।

**(घ) उद्देश्य**

प्रस्तुत सोझो ज्वाइँको कथा एक किंवदन्तीमूलक विषयवस्तुमा आधारित कथा हो । यो कथा जति सुन्यो त्यत्ति नै सुनौं सुनौं लाग्ने र स्रोतालाई आनन्द र मनोरञ्जन प्रदान गर्ने हुँदा यस कथाको मूल उद्देश्य स्रोता वर्गलाई मनोरञ्जन प्रदान गर्नु हो ।

**(ङ) भाषाशैली**

यस कथाले ग्रामीण तथा पहाडी परिवेशलाई समेटे अनुसार नै भाषाशैली पनि गाउँले स्तरमा बोलचालको रूपमा प्रयोग र प्रचलनमा आउने सोझा, सिधा, सरल र सहज ढङ्गको प्रयोग गरिएको छ । त्यसैले यो कथा सामान्य स्रोता वर्गहरूका लागि उपयुक्त रहेको छ ।

**(च) निष्कर्ष**

सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित यो लोककथा किंवदन्तीमूलक विषयवस्तुमा आधारित एक चरित्र प्रधान कथा हो । ज्वाइँ मुख्य पात्र, सासुआमा सहायक पात्र र ससुरा, जेठीसासुहरू गौण पात्र रहेको यस कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

## ४.१७ निष्कर्ष

प्रस्तुत शोधकार्यका लागि मकालु गाउँपालिका वडा नं. १ देखि ६ सम्मका १५ वटा लोककथा सङ्कलन गरी कथाको परिचय दिइएको छ । लोककथाको आयाम लघु रहे तापनि कथानक पूर्ण र रैखिक रहेका छन् । कथाको उद्देश्य स्पष्ट छ । पात्रहरू मानव र मानवेतर दुवैको प्रयोग छ । भाषाशैली ग्रामीण बोलिचालीको रहेकोले सरल छ ।

यसरी भौगोलिक हिसावले हिमाली जिल्ला भए तापनि विकास र समृद्धिका आधारमा मध्यमस्तर अवस्था रहेको यस मकालु गाउँपालिका प्राकृतिक स्रोत साधन र सौन्दर्यका हिसावले सम्पन्न भएको हुनाले मकालु हिमाल जस्ता अग्लो शिखर रहनुले यो गाउँपालिका एक पर्यटकीय स्थल पनि बनेको छ र भविष्यमा अझै पर्यटकीय व्यवसायका लागि आकर्षणविन्दु बनेको छ ।

# पाँचौँ परिच्छेद

## सारांश तथा निष्कर्ष

### ५.१ सारांश

प्रस्तुत शोधपत्र सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिकामा प्रचलित लोककथाको अध्ययनमा केन्द्रित छ । प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदमा शोधपरित्र अन्तर्गत विषयपरिच, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा रहेको छ ।

दोस्रो परिच्छेदमा सङ्खुवासभा जिल्ला र मकालु गाउँपालिकाको संक्षिप्त परिचय रहेको छ ।

तेस्रो परिच्छेदमा सङ्कलन गरिएका लोककथाको विषयवस्तु, उद्देश्य, भाव र शिल्पका आधारमा वर्गीकरण गरिएको छ ।

चौथो परिच्छेदमा सङ्कलन गरिएका कथाको लोकतत्व (कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैली) का आधारमा विश्लेषण गरिएको छ । परिच्छेद पाँचमा प्रस्तुत शोधपत्रको समग्र सारांश र निष्कर्ष दिइएको छ ।

### ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्रको निष्कर्ष बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

(१) सङ्खुवासभा जिल्ला एक पहाडी जिल्ला हो । यहाँ राई, तामाङ, मगर, गुरुङ, शेर्पा, क्षेत्री, कामी र दमाई जाति हिन्दु, बौद्ध, किराँत धर्म मान्ने मानिस बस्दछन् । यस जिल्लाको नामाकरण सङ्खुवा र सभा दुई नदीको नामबाट राखिएको छ ।

(२) यस जिल्लामा पाँचवटा नगरपालिका र पाँचवटा गाउँपालिका रहेका छन् । यसै गाउँपालिका भित्र पर्ने मकालु गाउँपालिकामा ६ वटा वडा रहेका छन् । यस गाउँपालिकामा आफ्नै जातजाति अनुसार लोकसाहित्य र परम्परा रहेको छ ।

(३) प्रस्तुत शोधपत्रमा विभिन्न विषयवस्तु, उद्देश्य, भाव भएका पन्ध्रवटा कथाहरूको सङ्कलन मकालु गाउँपालिकाका वडा नं. १ देखि ६ वटा वडाका बुढापाका मानिसहरूबाट सङ्कलन गरिएको छ ।

(४) सङ्कलित लोककथा किम्वदन्तिमूलक, मनोरञ्जनात्मक, चरित्र प्रधान, सामाजिक समेत रहेका छन् ।

(५) सङ्कलित लोककथामा रैखिक कथानक, नारी पुरुष र मानवेतर पात्रको समेत प्रयोग गरिएका छन् । मनोरञ्जन दिने र उपदेश दिने उद्देश्य रहेका कथाको भाषा सर्वसाधारणले बुझ्ने हुँदा सरल छ भने कथालाई कलात्मक रूपमा प्रस्तुत गरिएकोले शैलीमा मिठास रहेको छ ।

# सन्दर्भ सामग्रीसूची


चौधरी, राजेन्द्रकुमारी, **कैलाली जिल्लाका थारू समुदायमा प्रचलित थारू लोककथाको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०७३ ।

जोशी, महेन्द्रराज, **नेपाली लोककथाको सङ्कलन तथा अध्ययन परम्परा**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०७३ ।

तिगेला, तुलसीमान, **तेह्रथुम जिल्लाको हथर ओखे क्षेत्रमा प्रचलित लोककथाको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०७३ ।

पौडेल, डोल्माकुमारी, **बाग्लुङ धुल्लु क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०७१ ।

मगर, पुन दलमान, **रोल्पा जिल्लामा प्रचलित लोककथाको सन्दर्भपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०७२ ।

रेग्मी, आचार्य सीता, **बर्दिया जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०७३ ।

# स्रोतव्यक्ति

| क्र.सं. | नामथर | ठेगाना | उमेर |
|---|---|---|---|
| १. | अमरबहादुर भट्टराई | मकालु गाउँपालिका-५ | ५६ |
| २. | आसबल राई | मकालु गाउँपालिका-४ | ६४ |
| ३. | कृष्णबहादुर पराजुली | मकालु गाउँपालिका-६ | ७० |
| ४. | खड्गसिं राई | मकालु गाउँपालिका-१ | ७२ |
| ५. | खिलबहादुर राई | मकालु गाउँपालिका-३ | ६२ |
| ६. | चन्द्रमाया दर्जी | मकालु गाउँपालिका-२ | ७० |
| ७. | जयमाया राई | मकालु गाउँपालिका-३ | ६६ |
| ८. | दिलमाया राई | मकालु गाउँपालिका-५ | ४८ |
| ९. | धनमाया विश्वकर्मा | मकालु गाउँपालिका-१ | ७० |
| १०. | पदमबहादुर पोखेल | मकालु गाउँपालिका-५ | ६१ |
| ११. | शम्शेरबहादुर राई | मकालु गाउँपालिका-५ | ४९ |
| १२. | शान्ति राई | मकालु गाउँपालिका-५ | ४३ |
| १३. | सन्तबहादुर वि.क. | मकालु गाउँपालिका-६ | ७० |
| १४. | सोममाया राई | मकालु गाउँपालिका-५ | ६५ |
| १५. | हर्कबहादुर राई | मकालु गाउँपालिका-६ | ६४ |

# परिशिष्ट

## १. अन्तरजातीय ज्वाइँको कथा

एकजना खालिङ राईको घरमा अन्तरजातिया ज्वाइँ ससुराल गएछ अरे । बात गर्दै जाँदा बेलुकी खाना खाने बेला भएछ रे । अनि सासुले लोटमा पानी दिएर आफ्नो भाषामा सोर्सी न सोर्सी भनेछ रे । त्यो सासुले आफ्नो भाषामा ल ज्वाइँ हात धुनुहोस् भनेको रैछ अरे । तर ज्वाइँले त्यो बुझ्नेनछ अरे । सोर्सी भनेको त पर सर न सर भनेको बुझ्नेछ अरे । अनि त्यो बुझे अनुसार ज्वाइँ सर्दा सर्दा भित्तामा पुगेछ अरे । फेरि सासुले त्यही कुरा भनिरहनु भएछ अरे । अनि होइन कहाँ सर्नु म त भित्तामा पुगि सकेँ भनेछ अरे । त्यति बेला बल्ल सासुले ए होइन ज्वाइँ खाना खाने बेला भयो हात धुनुहोस् भनेको पो त भनेपछि ज्वाइँ हतार हतार लोटा टिपेर बाहिरा जानु भएछ अरे । अनि बाहिर गएर हात धुन लाग्दा अध्याँरोमा बेल्ली दुई मारी गङ्गङ् र गुङ्गुङ् गर्दै लडेर आएछ रे । अनि उसले चाँहि जुरुक्कै उठेर सासु आमाकोमा गएर आमा आमा बाहिर त बाघ पो लडीरहेछ भनेछ रे अनि सासुले के को बाघ लड्नु नि ज्वाइँ बिरमा पो बिरमा भनेछ अरे, केको भीरमा आँगनमै हो भनेर ज्वाइँले अनि अघि हातको लोटाले हानेर लोटा फुटाई हालेछ अरे ।

सुन्नेलाई सुनको माला<br>
भन्नेलाई फूलको माला<br>
यो कथा बैकुण्ठ जाला<br>
भन्ने बेला खुरुरुरु आउला ।

स्रोत व्यक्ति<br>
खिलबहादुर राई<br>
वर्ष ६२<br>
मकालु गाउँपालिका-३<br>
२०७४/११/१२

## २.  अल्छे ज्वाइँको कथा

पहिले एउटा ससुरालमा बसेको थिएछ घर ज्वाइँ । अनि त्यो जहिल्यै पनि विमारी भैरहने ठगाहा थियो । त्यहाँदेखि सासुससुराले ल हाम्रो ज्वाइँलाई कहिल्यै सन्चो हुदैन अब के गर्नु उपाय गर्नु पर्छ के लाग्यो ? भनेर पुजारीलाई देखाएछ । पुजारीले ल है तिमीहरूको ज्वाइँलाई अलि नबुझाई हुदैन भनिदिएछ रे । त्यहाँबाट कुखुरा हाँस भेला पारेर पूजा गर्न गएछन् अरे । त्यो ज्वाइँ चाँहि अल्छे र लोभी रैछ । सासुससुरा मेलोमा  जाँदा विरामी भएर बस्ने घरमा अनि गइसकेपछि मिठो मिठो टन्न खाएर बेलुकी सासुससुरा आँउदा ऊ बिरामी भएर बस्ने । त्यो भएर अब सासुससुराले के के भनेछ भने ल मेरो ज्वाइँ विरामी छ यो कहिल्यै निको हुदैन सोचेर पुजारीमा देखायो । अनि पुजारीलले बुझाउनु पर्छ भनेछ अरे । ल अब भोली पर्सी बुझाउने भनेर बुझाउन गएछ रे । अनि पुजारीहरू अगाडि गयो र मुदाउरा बोक्ने दुईजना जेठीसासु र एकजना उसकै श्रीमती  थिएछन् रे । बोक्दै लादा पहिले श्रीमतीले बोके र बोक्दै जाँदा विरामी निदायो । त्यसपछि श्रीमती गलेपछि जेठीसासुले बोक्यो । बोक्दै जाँदा ब्युँझियो । अनि ल है अब पुजाको मासु चाँहि तिम्रो भाग पनि मलाई है भनेछ रे श्रीमती भनेर । त्यहाँबाट जेठीसासुले ल ज्वाइँ निको मात्रै हौ न अनि सबै तै खा भनेछ रे । त्यहँबाट ज्वाइँ लाजले फाल तोडेर भागेछ अरे अनि ज्वाइँ हराएको हराएकै भयो अरे ।

सुन्नेलाई सुनको माला  
भन्नेलाई फूलको माला  
यो कथा बैकुण्ठ जाला  
भन्ने बेला खुरुरुरु आउला ।

स्रोत व्यक्ति  
खड्गसिं राई  
वर्ष ७२  
मकालु गाउँपालिका-१  
२०७४/११/३

## ३. क्षेत्री, बाहुन र दमाईको कथा

एकादेशमा एकजना क्षेत्री, बाहुन र दमाई बसेका थिए रे । उनीहरू परदेश जाने नियतमा बसेका थिए रे । दुःखका कारणले परदेशमा गएर धन कमाउने सोच गरेछन् अरे । अनि खर्च बर्च चेपेर गएछन् अरे । कसैले बढी बोके त कसैले कम्ती बोके । अनि जाँदाजाँदा एउटा राक्षसको देशमा पुगेछन् अरे सिमाना कटेर । त्यो राक्षसको देशमा ठुलाठुला घरहरू थिए र विकाशीत थियो । ठूला ठूला भीर पहाड खोलेर बाटो बनाइएको थियो, त्यहाँ मनुष्यको कुनै घर थिएन । जाँदा बाटोमा रात पऱ्यो जाडो महिना थियो । राक्षसको घरको ढोका खुल्लै थियो अरे । त्यो राक्षसले सयवटा गाई पालेको थियो अरे । अनि दूध दोयो अरे पाहुना पनि ठ्याक्कै पुगे अरे भोकाएको बेला । त्यो राक्षस शक्तिशाली थिए । पहाडको दैलो बनाएको थियो । अनि ठ्याक्कै कुडेमा दूध बसाएछ अरे । ती पाहुनाहरूले हामीलाई पनि दिन्छ सोचे अरे तर दिएनछ अरे । हातले यसो चलाएर स्वाट्टै कुडे नै राक्षसले निली हाल्यो अरे । अनि ती पाहुनाहरू दिनभरीको थकाइले थपक्कै सुते अरे । राक्षसले तीन मनको चिम्टा अगेनमा हाले रे । अनि थकाईले दमाई ठ्याप्पै निदाई गएछ अरे । अनि अगेनबाट चिम्टा निकालेर आँखामा स्वाँइयै रोपेछ र राक्षसले यसो अगेनमा सेकाएर दमाईलाई खाई सकी हाल्यो अरे । फेरि चिम्टा त अगेनमा हाली हाल्यो रे अनि राक्षस घर्रघर्र निदायो रे । अनि क्षेत्री र बाहुनले चिम्टालाई एक एक पट्टि समाएर उठाएर राक्षसको आँखामा रोपेछन् अरे । पहाडको दैलो उघार्न सक्नु छैन अरे । तातो चिम्टाले रोपेपछि हाउहाउ गर्दै राक्षसले दैलो खोलेछ अरे अनि त्यति बेला बाहुन र क्षेत्री भागेर ज्यान जोगाएछन् अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
अमरबहादुर भट्टराई
वर्ष ५६
मकालु गाँउपालिका-५
२०७४/११/८

## ५. चोयाको तिहुन र खोयाको भात

अनि कथा चाहि उहिलेको मान्छे ससुराली आएछ अरे । त्यो ज्वाइँ चाहिँ आउँदा पहिलेको दुःख त्यस्तै थियो पहिला । सासुले चाहि अब कलिलो टुसा र मकैको भात पकाएछ अरे । त्यो ज्वाइँलाई चाहि एकदमै बेलुका दिँदा मिठो लागेछ अरे । अनि मिठो लागेर ज्वाइँले के को यो तिहुन र भात आमा भनेछ रे । अनि आमाले चाहि यो खोयाको भात र चोयाको तिहुन भनेछ अरे । त्यहाँबाट ज्वाइँले चाहि आज ढोका चाहि चोयाको छ अनि मैले चाहि यसलाई नै लग्ने विचार गरेछ अरे । राती चाहि उसलाई ससुरालीमा निन्द्रा आएनछ अरे अनि चोयाको तिहुन मिठो लागेर त्यो ढोका चाहि लगेर सबै सुतेपछि चोरेर घरमा पुऱ्यायो । अनि उसले काटेर एकदमै टुक्रा पारेर उसिनेर उसले खान खोजेछ अरे । अनि त्यो चाहि कहिले पनि पाकेन । नपाकेपछि उसले अब यो के होला यस्तो भनेर विचार गऱ्यो । त्यो चाहि सासुको घरमा खाँदा कलिलो टुसा थिएछ अरे । उसले त्यो कुरा बुझ्नु भ्याएनछ अरे । त्यसै भएर त्यो पाकेन छ अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
शान्ति राई
वर्ष ४३
मकालु गाँउपालिका-५
२०७४/११/८

## ६. छुवाछुतको कथा

उहिलेको समयमा दमाईले क्षेत्री बिहे गरेछ अरे । त्यसबेला जातभातको चलन धेरै थियो रे । दमाईलाई भित्र पस्न दिइँदैनथ्यो । दमाईलाई धेरै हेला गरिन्थ्यो रे । दमाईका घरमा क्षेत्रीनी बुहारीलाई खाना पनि दिएनन् लाउन पनि दिएनन् । हेला हिंसा गर्न थालेछन् । त्यसै त्यसै हेला गर्थे हेर्न सकेनन् त्यसपछि खप्न नसकेर बाहिरा गाइन् । क्षेत्रीनी बाहिरा गएपछि दमाईको छोरोले आफ्नै जातका केटी ल्याए । अनि राम्रो भएर बसे । उहिलेको समयमा छुवाछुत भएर यसरी दमाई कामी हीन भएका अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
चन्द्रमाया दर्जी
वर्ष ७०
मकालु गाँउपालिका-२
२०७४/११/४

## ७. जेठा बुढा र कान्छा बुढाको कथा

एकदेशमा एउटा अत्यन्तै सुन्दर केटा थियो अरे र अर्को देशको अत्यन्तै सुन्दरी केटीबिच प्रेम भएर विवाह भयो अरे । त्यसपछि बस्दै जाँदा लोग्ने मात्रै सधैं काममा जान्थ्यो स्वास्नी भने कहिल्यै काममा जाँदैनथ्यो र घरमा बस्थ्यो अरे । अनि लोग्ने मेलामा गएको बेलामा अर्को केटा घरमा ल्याएर पालन पोषण गर्थ्यो रे । मिठो मिठो ख्वाउथ्यो अरे । त्यसपछि लोग्नेले यो कुरा थाहा पाउला जस्तो भएपछि एउटा दमाहा बनाउन लगाएछ अरे । अनि लोग्ने मेलामा जाँदा पनि दमाहा बजाएर जानु पर्ने र आउँदाखेरी पनि बजाएर आँउनु पर्ने बनायो रे । त्यसलाई यसरी एउटा सङ्केतको रूपमा प्रयोग गरेछ रे । घरमा बस्दा कान्छो लोग्नेसँग भकारीको धान खाई सकेपछि स्वास्नीले एउटा उपाय रचेछ रे । अब म यसलाई कसरी छक्याउँ भनेर मुँसो घसेर कपाल झ्याम्लङ्गै पारेर लोग्ने आँउने बाटोमा तर्साउने योजनामा  बसेछ रे । अनि जब लाग्ने मेलाबाट फर्कने बेलामा तर्साउने भएर हाम फालेछ अरे । लोग्ने डरायो अनि हजुर मैले के गरौं भनेर विन्ति गऱ्यो । त्यसपछि म एउटा सर्तमा तिमीलाई छोड्छु भनेछ रे । ल के शर्त हो भन भनेछ अरे । त्यसपछि स्वास्नीले तेरो भकारीको धान भूस पारी दिउँकी तँलाई मारी दिँऊ ? भनेछ रे र त्यसपछि लोग्नेले ल मलाई मारी दिनु भन्दा घरको धान नै भुस होस् भनेछ रे । अनि घरमा आएर भकारी हेर्दा त साच्चै भुसैभुस मात्रै रैछ अरे । भरे कान्छा लोग्नेसँग दिनभरी चामल कुटेर खाइसकेर भुसमात्रै भकारीमा राखेको थिएछ अरे । अनि जेठो लोग्नेलाई चाहि जहिल्यै भूसको रोटी दिन्थ्यो अरे ।

सुन्नेलाई सुनको माला<br>
भन्नेलाई फूलको माला<br>
यो कथा बैकुण्ठ जाला<br>
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति<br>
शम्शेरबहादुर राई<br>
वर्ष ४९<br>
मकालु गाँउपालिका नुम-५<br>
२०७४/११/८

## ८.  ढेँडु र भालुको कथा

भालु र ढेँड साथी थिएछन् रे । उनीहरूले मकै रोप्ने सल्लाह गरेछन् रे । भालु जंगल माड्ने ढेँडु पछि पछि मकै छर्ने भनेछ अरे । अनि ठूलो भोस्मे फाँडेछ अरे । फाँडी सकेपछि डढेलो लगायो, अनि मकै रोप्यो र उमार्‍यो । अनि त्यसपछि ढेँडुले भालुलाई गुफा बसाएछ रे ड्याम्मै । अब मकै पाकिन्ज्याल मीतसाब त चल्न हुदैन भनेछ रे । लौ  भनेर भालु गुफा बस्यो रे । ढेँडु दिनाहुँ मकै हेर्नलाई धाउथ्यो । कति भयो ? यती भयो, जमरा आयो, पाकेको छैन भन्दै मकै उसले दिनै खाएर आँउदो रैछ अरे । आँउदाखेरी भालु चाँहि भोकै ढेँडु चाँहि अघाएर । अनि भोली पर्सितिर त मीतलाई पनि लाने म पनि जाने दुवै मिलेर दुई पट्टीबाट खाने भनेछ अरे र पर्सिको दिन ल मितलाई पनि लाने भनेर लगेछ अरे । ल हिजोसम्मै हाम्रो मकै ड्याम्मै थियो आजै हाम्रो मकै केले खायो ? भनेर झुक्याएछ अरे । ल ए भूतले खायो, के के जंगलीहरू आएर खायो ल हामी दुईको कमाईमा हारीयो भनेर भनेछ अरे । अनि त्यस्तै सिलासाङलो गरेर खाएछन् रे । खाएपछि ल अब तल एउटा भालुको गोठ छ जाउँ भनेर ढेँडुले भन्यो दूध मही चोरी खान । भालु भोकले हिड्न सकेन रे अनि लड्दै झर्‍यो रे । ढेँडु चाँहि बलियो भएकोले उफ्रिदै गयो रे । अनि भालुको गोठमा भएको दूध मही चोरी खाएछ रे । खाएपछि यसो तलतिर हेर्दा भालुको एउटा ठूलो भोस्मे रैछ अरे । भोस्मेमा काँक्रा फलेको रैछ अरे दूध महीले नअघाएपछि अब काँक्रा खान जानु पर्ला भनेर गएछ रे काँक्रा खाँदा खाँदा ढेँडुले भक्कु खानु पर्छ है मीत ज्यू भनेछ रे । खाँदाखेरी ढेँडु उँधो भालु उभो परेछ रे । धेरै भएपछि पेटमा अपाच्य भयो रे । त्यसपछि भालुले खोली बडाडाडा छोडीदिएछ रे ढेँडुलाई तलसम्म बगाई लग्यो अरे । अनि ल मीतज्यू तैले मलाई यसरी दुःख दिइस् तेरो छेरले मलाई बगाइस् अब हामी दुई बिछोड गर्नुं पर्छ तेरो बाटो तँ जा मेरो बाटो म जान्छु भनेर उनी दुईको छुटनाम भएछ रे ।

सुन्नेलाई सुनको माला  
भन्नेलाई फूलको माला  
यो कथा बैकुण्ठ जाला  
भन्ने बेला खुरुरुरु आउला ।

सोतव्यक्ति  
हर्कबहादुर राई  
वर्ष ६४  
मकालु गाँउपालिका-६  
२०७४/११/९

## ९. दिदी बहिनीको कथा

एकादेशमा एउटा दिदी बहिनी भेला भएछन् अरे । अनि जुम्रा मारामार गरेछन् अरे । बहिनीले दिदीलाई जुम्रा मार्न लगाइछे अरे । बहिनी धनी र दिदी चाहि गरिब थिइन् रे । अनि बहिनीले नङमा जुम्रा बोकेर टाउको कन्याउदै खै त तैंले जुम्रा मारी दिएको ? यहाँ मलाई खाँदै रछ मैले मसार्दै भेटैं भनिछे अरे । ल अब एकमाना कनिका लिएर जाऊ भनेर भनिछ अरे बहिनीले । अनि दिदी एकमाना कनिका बोकेर जाँदा मेरा नानीहरूलाई के खाना दिनु भनेर घुऱ्यानमा सिस्नु टिप्न गछ रे । सिस्नु टिप्नु जाँदा ढैंडुले भेटेछ अरे । ढैंडुले के गरेको बहिनी भनेछ अरे, अनि म त यसरी बहिनीकोमा बोनी गर्न गएको थिएँ एकमाना कनिका दिइहाली बहिनी अलि माजन छ म अली गरिब छु भनेछ रे । भनेपछि ल बेलुका तिमी यसरी सिस्नो टिपेर र बेलुका भडालमा चारकुना लिप्नु र बत्ती बाली राख्नु घरमा झलमल्ला भनेछ अरे । तिमीहरू छपक्क सुत्नु नानीहरूलाई पनि सुताउनु भनेछ अरे । त्यहाँदेखि सुतेर बिहान उठ्दाखेरि अन्नैअन्न, पैसैपैसा धानैधान थुपार्दिएछ रे वरिपरि बत्ती बालेको भरी । अनि दिदीले पाथी माग्न पठाइछे अरे बहिनीकोमा । पाथी माग्न जाँदा यो दिदीले के भर्न आँटी हिजोसम्म यहाँबाट कनिका लगेर गाको भनेर दिदीले थाहा नपाई पाथीमा गोबार टाँसेर पठाइछ अरे । अनि भऱ्यो भऱ्यो भरे पुऱ्याउँदाखेरि त पैसा पनि मकै, कोदो धान टाँसिएको रैछ अरे । त्यो कारणले ए दिदी कल्ले के गऱ्यो तिमीलाई ? हँ भनिछ अरे दिदीलाई । दिदीले पालो मलाई त यस्तो रुदै सिस्नो टिप्दै थिएँ ढैंडुले यसो गर भन्यो अनि गरैं अनि यस्तो भयो । अहिले त म कसैको पनि बोनी गरेर खाँदिन भनिछ अरे । अनि बहिनीले पनि दिदीले जस्तै गर्दाखेरि भोली बिहान घरमा त गु नै गु रछ अरे । घरमा अब के गर्नु भन्दै रुँदै अब नहुने रछ भनेर माया मारेर बसिछ अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
धनमाया विश्कर्मा
वर्ष ७०
मकालु गाँउपालिका-१
२०७४/११/३

## १०. धनी दाजु र गरिब भाइको कथा

एकादेशमा एउटा दाजुभाइ रछन् अरे । दाजु धनी र भाइ गरिब थिए अरे । भाइ गरिब भएकोले दाजुको घरमा पनि बोनी गरेर खान्थ्यो अरे । दिनै बोनी गरेर खाएर एकदिन बिन्द्र वनमा भावी (भाग्य) खोज्न गएछ रे । अनि भावीलाई भेट्यो । अनि भावीलाई भेटेपछि भावीले तेरो भावी मै हुँ भन्यो के माग्छस् भनेर भावीले सोध्यो । के माग्नु म दुःख पाएर आएको मेरो भाग्य र भोग यस्तै रैछ की, छैंटौ दिनमा यस्तै लेखेको रैछ की भनेर भावी खोज्न आथैं र भेटैं भन्यो र त्यसपछि भावीले ल तीन कुरा चिता तीनवटा कौडा हान् तीन खेप कौडा हान्दा केके चिताइस् त्यही चिताएर हान् तँ जा भन्यो । राती घरमा आएर जहान छोराछोरीलाई उठ् भन्यो र उठे हरियो गोबारले घर लिप भन्यो बुढीले लिपलाप पारिन् । ल दियो कलाश बाल भन्यो, बालिन् । दियो कलाश बालेर स्वास्नीलाई हामीले के चिताउँ भन्यो, अरू के चिताउने हामीले अर्थोक चिताउनु केहि छैन । हामीलाई पेट भर्नु पर्नेछ भनेर भनिछे अरे । त्यती भनेर उनीहरूले थपक्कै कौडा हाने अरे । अनि खाना, लाउना, वस्तु, धन दौलत भयो । घरमा ओड्ने, ओछ्यान, लुगा टन्न भयो । अब भावी गयो, भावी गइसकेपछि दाजुको घरमा पाथी मग्न गएछ रे । दाजुले तँ सधै बोनी गरेर खान्थिस् के भर्न आँटिस् हो भनेर सोध्यो । के भर्नु र हो दाजु बोनी गरेर ल्याएको भरेर खाको हो भनेर भन्यो । दाजु चाँहिले पाथीको पिँधमा खोटो टाँसेर पठाई दिएछ रे । भोली दाजु पाथी लिन आएछ रे । घरमा गएर पाथी हेर्दा पाथीमा पैसा टाँसिएको दाईले भेटाएछ अरे । अनि दाजु भाइको घरमा हरररर गएछ अरे । दाजु आएपछि यसो हेऱ्यो अनि भाइ तैले के गरिस् ? घरमा झिलीमिली छ, धन दौलत छ । भैसी पाँडा छन् यस्तो झिलीमिली यो क्या हो ? कहाँबाट के गरिस् ? भन्यो । भाइले साँचो बोल्यो, म यस्तो भावी खोज्न गएको थिएँ, भावी भेटैं, भेटेपछि यस्तै भयो । भावीले दिएको मलाई भनेर भनेछ । अनि भावी खोज्न ऊ पनि गएछ । जाँदा खेरी उसले पनि भावी भेटायो । कहाँ हिडिस् ऐ भनेर भावीले सोध्यो । म भावी खोज्न आको भनेछ अरे । भनेपछि ल यस्तो यस्तो तरिकाले यस्तो गर्नु तेरो भावी मै हुँ जति बेला घर पुग्छस् पुग तर यसरी चिताउनु पर्छ जे चिताइस् त्यही हुन्छ भनेर भावीले पठाएछ अरे । घरमा आएर सबैलाई ए उठ त भनेछ अरे । के हग्ने गर्नु उठ्नु ? भनेर बुडीले भनेछिन् उठ्नलाई अल्याङटल्याङ गरिन् । मैले भावी लिएर आको छु । के गर्नु उठ न भनेपछि बल्ल बल्ल तऱ्याङमऱ्याङ गर्दै उठेछ । अब गोबरले घर लिप भनेर स्वास्नीलाई भनेछ स्वास्नीले के हग्ने गर्न लिप्नु भनेछ अरे । अनि हग्ने चाहियो भावी भनीछे अरे । त्यसपछि जीउभरी हग्नेहग्ने भएछ अरे । त्यसपछि मलाई हग्ने चहिदैन भनेछ रे सबै हग्ने हराएछ अरे, त्यसपछि मलाई मेरो हग्ने फिर्ता चाहियो भनेछ रे फिर्ता आयो रे । यसरी भावी सकियो अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
पदमबहादुर पोखेल
वर्ष ६१
मकालु गाँउपालिका-५
२०७४/११/८

## ११. नुन रोप्ने कामी र दमाईको कथा

उहिले नै कामी र दमाईले नुन बोकेर ल्याएर रोपेछन् अरे । त्यसलाई पोका पोका पारेछन् अनि त्यसमा सिन्का गाड्नु है भनेर दमाईले भनेछ अरे । रोपेपछि दमाईले नुनखेतीमा फट्याङग्रा हाली दिएछ अरे । त्यसपछि हैन हो ल यसले सबै खायो ल यसलाई खेदाउनु पर्छ भनेर भनेछ अरे । अनि धनुकाण बोकेर फट्याङग्र खेदाउन गएछन् रे । खेदाउँदै जाँदा बाउको छातीमा आएर फट्याङग्रा ठ्याक्कै बसेछ अरे । त्यसपछि बाउले छोरालाई उस......भनेर छातीमा फट्याङग्रा देखाएछ रे । छोराको पाल बाउको छातीमा ड्याम्मै दिएछ रे, बाउ खत्तम भएछ रे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
सन्तबहादुर विश्वकर्म
वर्ष ७०
मकालु गाँउपालिका-६
२०७४/११/९

## १२. लाटा र अपाङ्गको कथा

एकादेशमा एकजना लाटा र एकजना अपाङग थिएछन् रे । त्यो अपाङ्ग र लाटा एउटा विश्वकर्माको घरमा बास बस्न पुगेछन् रे । त्यस घरमा खसी काटेर भोजभतेर लगाएका थिए रे । लाटा र अपाङ्गलाई चाँहि राती बाहिर सुतायो रे । घरका जहान परिवारहरू चाँहि भित्र सुते अरे । आजको राती पक्कै मान्छे खाने दैत्य आँउछ भनेर हल्ला गरेको थियो अरे । राती साँच्चिकै दैत्य आएछ अरे । मनुवा गन्धा मनुवा गन्धा भन्दै दैत्य आएको थियो रे । अपाङ्गले कहाँ छ मनुवा ? भनेछ रे । अनि को होस् तँ ? भनेछ अरे । अपाङ्गको पालो म दैत्य खाने दैत्य हुँ भनेछ रे । दैत्यले खोइ तेरो कपाल मसारौँ भनेछ रे, यत्रो चोयाको फक्लेटो देखाई दिएछ अरे । अनि छामेछ अरे । अनि फेरि खोई त तेरो हात छामौँ भन्दाखेरी हात दिँदाखेरि सनासोले क्याप्पै समातेछ अरे, अपाङ्गले सनासोले पकडीएपछि लाटाले उठेर घनले हनेर लडाएर मारेछ रे । अनि बिहान मग्न सुती रहेको रहेछ अरे । बिहान परिवारहरू उठेर छोरी बुहारीहरू चलन अनुसार सोरसार गर्दा घरमा एत्रो दारा गरेको बगङ्गै लडीरहेको रैछ रे । त्यहाँबाट हल्ला खल्ला भएछ रे । श्री ५ सरकारले पनि सुन्यो रे । ओहो ! मैले नसक्ने काम पो यिनीहरूले मारेछन् ल मेरो सिट पो दिनुपऱ्यो भनेर राजाले खोजेर ल्याएर लाटालाई मुकुट ओडाइ दिएछ रे अनि अपाङ्गलाई मन्त्री बनाएर आनन्दसँग गद्दीमा बसेर राज चलायो रे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
आसबल राई
वर्ष ६४
मकालु गाँउपालिका-४
२०७४/११/५

## १३.    लाटो र बाठो दाजुभाइको कथा

एउटा बाउका दुई भाइ छोरा रछन् । दुईभाइ छोरामा एउटा लाटो र एउटा बाठो थिएछ । बाठो अफिस जान्थ्यो । घरमा भाइलाई अराई सिकाई गऱ्यो दाजु चाँहि अफिस गयो । यो आमालाई नुहाइदिनु, भेडा बाखा फुकाएर तैले लानु भन्यो र ऊ अफिस गयो । अनि भाइले आमालाई नुहाइदिन खडकुँडमा पानी ततायो नुहाइदियो । नुहाएर आमालाई चिल्लो चल्लो घसेर सुताइदियो । भेडाबाखा खोलेर चराउन लिएर गयो । चराउन जाँदा खोरीयामा लगेछ र खोरीयामा आगो लागेछ र भेडा बाखा खोरीयामै खत्तम भएछन् रे । अनि भेला गर्दै ल्याउँदै खोरमा थुन्दै गरेछ ती मरेका भेडा बाखा । त्यहाँदेखि दाजु चाँहि बेलुका आइपुग्यो । आई पुग्दाखेरी त लौ आमालाई नुहाई दिइस् ? नुहाई दिए, आमा त हाँसी राकी छन् भनेछ लाटाले अनि ए है कस्ती भइछिन् आमा भनेर हेर्न गएछन् रे । आमा त मरिछन् त ? भेडा बाखा अघाका छन् ? ए एत्रा एत्रा भुँडी भाका छन् । आज त धेरैखाए भने छन् । गएर खोर फुकाएर हेर्दा त सप्पै मरेका पो रछन् । लडी राखेका पो रछन् । अनि दाजुले ल अब तँलाई मैले भनेको लागेन अब मैले सकिन यो घरमा तै बस मलाई चाहिएन अब म गाको भनेछ । होइन दाई म पनि जान्छु भन्छ तँलाई लाँदिन भनेछ होइन जाने भनेपछि ल न त हिँड भनेछ रे । घर पनि जान्छु भन्छ, ढिकी पनि जान्छु, जाँतो सबै जान्छु भन्छ भनेछ रे । बोक् तै म त एउटा केहि पनि बोक्दिन म केहि पनि लाँदिन  मेरो आमाको विर्ता नै सकियो भने अब म यहाँ बस्दिन, मेरो आमा बुबा नै यहाँ छैनन् । अब म के भनेर यहाँ के खान बस्छु ? म हिँडेको अब भनेर नाम्लो लाएर पोको बोक्यो । बेकेर अनि गयो गयो ठूलो वृक्षको फेदमा परदेशी सुतेका रछन् अरे बक्रन्न । त्यसको छेउमा उँभो पट्टि ढुङ्गा पल्टाएर छोडीदिन्छु है बजियाहरूलाई किन यसरी सुतेका ? भाइले भनेछ रे । होइन नछोड भाइ नछोड भनेर दाईले भनेछ रे । छोडिदिन्छु भनेर गरमगुरुम छोडिदिहालेछ रे । त्यहाँका मान्छे सबै मरे मरेपछि भाइले चाँहि सबै धोती बोकेछ र दाईले चाँहि सबै सून चाँदी बोकेछ रे । अनि अलि पर पुगेपछि ए यो धोती फाटे त्यो लाउँछु, त्यो धोती फाटे यो लाउछु भन्दै हिड्दो रैछ अरे । धोती जती सबै काँधमा हालेर गएछ गएछ राजाको दरबारमा पुगेछ रे । त्यहाँ रातभरी केटाकेटी खाने एउटा राक्षस (बाघ) रैछ अरे । राती त्यसले कति खेर लान्छ लान्छ कति चौकीदार राख्दा पनि सकेन रे । तर त्यो लाटाले मारेछ रे । बाठो चाँहि डरले अलि यतै बसेछ रे । लाटो चाँहि गौडामै बसेछ । एउटा ठूलो हमर दिएछ रे र उज्यालो हुने समयमा बाघ आँउदो रैछ अरे । टाउकोमा दिएर लाटोले बाघलाई मारीदिएछ । त्यसपछि नाम चलाउन दाजु चाँहि हातमा मुङ्ग्रो लिएर राजाकोमा गएछ रे । फेरी लाटाले गएर दाजुले होइन मैले हो भनेछ रे । अनि राजाले लाटोलाई आधी राज्य च्वाट्टै दिएछ रे । अनि लाटो त्यही बस्यो र दाजु भने बरालीएर कता गयो गयो.......

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
कृष्णबहादुर पराजुली
वर्ष ७०
मकालु गाँउपालिका-६
२०७४/११/९

## १४.    लोभी ज्वाइँको कथा

उहिले एउटा ज्वाइँ र छोरी माइता सासुराल गएछन् रे । अनि ससुराली घरमा कुल बुझाउने कुलपूजा थिएछ रे । पूजा गरेछन् अरे अनि आमा छोरीको एउटै खालको लुगा परेछ अरे । लाएछन् अरे । पूजामा ठूल्ठुला भाले र पोथी थिएछ रे । पूजा सकिएपछि भात सात खाएछन् रे खाइसकेपछि ज्वाइँ चुठ्न बाहिरा निस्किएछ अरे । अनि ज्वाइँलाई मासु कम्ती परेछ रे । बाहिरा चुठ्न जाँदा एउटै लुगा भएकोले श्रीमती भनेर सासुलाई भनेछ रे यत्रो भाले नि काटेको थियो, पोथी पनि काटेको थियो तर कस्तो थोरै मासु पऱ्यो मलाई भनेछ अरे । अनि त्यसपछि सासुआमाले ज्वाइँ मेरो घरमा धेरै जना छौ, त्यस्तै हो बाँडदाबाँडदै थोरै नै परिजान्छ सबैलाई बाँड्दा भनेर सासुले भनेछ अरे । त्यसपछि ज्वाइँ लाजले भागेको भाग्यै भयो अरे कहिल्यै ससुराली फर्किएन अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
दिलमाया राई
वर्ष ४८
मकालु गाँउपालिका-५
२०७४/११/८

## १५. सोभ्को ज्वाइँको कथा

उहिले नै ज्वाइँ ससुराल जानु भएछ रे । ससुराल गएर बाघ भएर बस्नु काग भएर बोल्नु भनेर आमा बाबुले सिकाएर पठाएछ अरे । अनि ससुराल पुगेछ अरे । साँच्चिकै बाघ जस्तै भएर चार खुट्टाले बसेछ अरे । केहि भन्दा खेरी पनि काग जस्तै काक् काक् कराएछ अरे । कस्तो ज्वाइँ हो बाघ जस्तो बस्छ, काग जस्तो कराउँछ भनेर भनेछ अरे । बेलुकीको खानाको लागि सासुससुराले गङ्गटा समातेर ल्याएछन् रे र गङ्टाको खाना पकाएछन् अरे । अनि ज्वाइँले म त गङ्गटा खाँदिन भनेछ अरे र खाएन छ रे । राती त ज्वाइँलाई भोक लागेछ र अनि सम्भिmएछ अरे बेलुका राखेको गङ्गटा भिmकेर खाने हो भने राती उठेछ अरे । अनि भार माथि छामेछ अरे । साँच्चि नै पोली राखेको गङ्गटाहरू जिङरिङै परिरहेको रैछ अरे । अनि करपकरप खाएछ अरे । अनि अरूले सुन्छ भनेर कान थुनेर खाएछ अरे । सासुहरूले सुनेछन् अरे । कुकुर भनेर अच्चे भनेछ अरे त्यतिबेला ज्वाइँ ङ्यार्रर कराएछ अरे । फेरि लठ्ठीले हानेछ अरे ज्वाइँ चाँहि काँइक् काँइक काँइक् गरेर भागेछ अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला
भन्ने बेला खुरुरुरु आउला ।

स्रोतव्यक्ति
जयमाया राई
वर्ष ६६
मकालु गाँउपालिका-३
२०७४/११/१२